विश्वका श्रमिक एक होऔं !

# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को अन्तरिम विधान

(२०७८)

# प्रस्तावना

नेपाल कम्युनिस्ट पार्टी आम नेपाली जनता तथा सर्वहारा श्रमजीवी वर्गको हित प्रतिनिधित्व गर्ने राजनीतिक संस्था हो । यसको स्थापना २२ अप्रिल १९४९ तदनुसार १० वैशाख २००६ सालमा भएको थियो । आफ्नो लामो इतिहासमा यो पार्टी अनेकौ प्रकारका फुट, विभाजन, पुनर्गठन र एकीकरणको प्रक्रियाबाट गुज्रिएर आएको छ र आज यो नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) को रुपमा क्रियाशील छ । यस पार्टीलाई संक्षिप्तमा नेकपा( एस) भनिएको छ ।

यस पार्टीले आफ्नो स्थापना कालदेखि नै संघर्षका विविध रुपहरू अवलम्बन गर्दै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको लागि विभिन्न प्रकारका जनआन्दोलन र जनक्रान्तिमा अग्रणी भुमिका निभाएको छ । २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिबाट सामन्ती राजतन्त्रको अन्त्य गरी संघीयता, धर्म निरपेक्षता, समावेशीता, समानुपातिकताजस्ता विशेषतासहितको लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नमा यस पार्टीको निर्णायक भूमिका रहेको छ ।

यस पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हो । यो पार्टी समाजमा रहेका सबैखाले शोषण उत्पीडन र विभेदहरूको अन्त्य गर्दै समानतासहितको स्वतन्त्रतामा पुग्न सकिन्छ भन्ने विश्वास गर्दछ । क्रान्तिका उपलब्धीहरूको रक्षा गर्दै शान्तिपूर्ण संघर्ष र लोकतान्त्रिक विधिबाट मुलुकको आर्थिक सामाजिक रूपान्तरणसहित राष्ट्रिय पूँजीको विकास गरेर सामाजिक न्याय र लोकतान्त्रिक मूल्य ममान्यतासहितको समाजवादका आधार निर्माण गर्नु यस पार्टीको तात्कालिक लक्ष्य हो । दलाल नोकरशाही पूँजीवादी शोषण दमन र उत्पीडन तथा साम्राज्यवादी हस्तक्षेपका विरुद्ध संघर्ष गर्दै स्वाधिन राष्ट्रिय अर्थतन्त्रको जगमा अडिएको समृद्ध नेपाल निर्माणको अभियान सञ्चालन गर्नु र सामन्तवादको अवशेषका रूपमा रहेका कुरीति, अन्धविश्वास र रुढीवादको समूल अन्त्यका निम्ति सामाजिक-साँस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्नु यस पार्टीका तात्कालिक मुख्य कार्यभार हुन् ।

यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, मानवधिकार एवम् मौलिक हकको प्रत्याभूति, शक्ति पृथकीकरणको सिद्धान्त, बहुलवादी खुला समाज, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, जननिर्वाचित प्रतिनिधिहरूद्वारा सरकार सञ्चालन, प्रतिपक्षको संवैधानिक व्यवस्था र स्वतन्त्र न्यायपालिकालगायत आधुनिक लोकतन्त्रका विश्वव्यापी मूल्य-मान्यतामा प्रतिबद्ध छ र जनताको बहुदलीय जनवादका मूल्य मान्यताहरूको रक्षा गर्दै समाजवादको दिशामा अगाडि बढ्न चाहन्छ ।

पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । यस पार्टीको सङ्गठनात्मक सिद्धान्त अर्थात पार्टी निर्माण र सञ्चालनको सिद्धान्त  जनवादी केन्द्रीयताको सिद्धान्त हो । यस पार्टीमा आन्तरिक लोकतन्त्र र अनुशासनको सन्तुलन रहनेछ । यो पार्टी जन आधारित कार्यकर्ता पार्टी हो । यो पार्टी सबै खाले प्रतिकृयावाद, अवसरवाद र संकीर्णताका बिरुद्ध तथा सामाजिक सद्भाव एवम् राष्ट्रिय एकताको पक्षमा रहेको छ । आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै सबै प्रकारका शोषण, उत्पीडन, अन्याय, असमानता र विभेदको समाप्तिका लागि सङ्घर्ष गर्नु र निस्वार्थ रूपमा देश, जनता र क्रान्तिको सेवामा समर्पित हुनु यस पार्टीका सदस्यहरूको कर्तब्य हुनेछ ।

पार्टीको सार्वभौम अधिकार पार्टीका सङ्गठित सदस्यहरूमा निहीत रहनेछ । यसको प्रयोग पार्टी विधान अनुसार हुनेछ । सबै पार्टी कमिटीहरु समावेशी चरित्रका हुने छन् । हरेक पार्टी कमिटीको एउटा महत्वपूर्ण हिस्सामा ४० वर्ष मुनिका युवालाई राखिने छ । यस पार्टीका सदस्यहरूले सामाजिक-आर्थिक तथा साँस्कृतिक रूपान्तरणका लागि उत्पादन संघर्ष र वर्गसंघर्षमा सामेल हुँदै विचार, सङ्गठन र संघर्षका क्षेत्रमा अग्रणी भूमिका खेल्ने छन् । उनीहरू जनसरोकारका र उत्पादनशील कार्यमा क्रियाशील हुँदै पार्टीको एकता र अग्रगतिका लागि समर्पित रहने छन् । पार्टीका सम्पूर्ण सदस्यहरू मुलुकको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक र क्रान्तिकारी सारतत्वकासाथ अघि बढाउँदै नेपाली क्रान्तिका निर्दिष्ट लक्ष्य र उद्देश्यहरू हासिल गर्न जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील, जुझारु र अग्रगामी राजनीतिक भूमिका निर्वाह गर्दै अघि बढ्न दृढ संकल्पित रहने छन् ।

## अध्याय एक

## प्रारम्भिक

**धारा- १. विधानको नाम**

यस विधानको नाम *नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को अन्तरिम विधान- २०७८* रहेको छ। यो विधान पार्टी सङ्गठन निर्माण र सञ्चालनको मूल निर्देशक दस्तावेज हुनेछ। यसपछि 'विधान' भनिने छ।

**धारा- २. पार्टीको नाम**

पार्टीको नाम *नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)* रहको छ। संक्षिप्तमा यसलाई नेकपा -ए.समाजवादी) भनिने छ। अंग्रेजीमा Communist Party of Nepal (Unified Socialist) र संक्षिप्तमा CPN(Unified Socialist) भनिनेछ। यसपछि 'पार्टी' भनिने छ।

**धारा- ३. पार्टी**को **झण्डा**

पार्टीको झण्डा अनुसूचि- १ मा उल्लेख गरिए बमोजिम हुनेछ।

**धारा- ४. पार्टीको छाप**

पार्टीको छाप अनुसूचि- २ मा उल्लेख गरिए बमोजिम हुनेछ।

**धारा- ५. पार्टीको चुनाव चिन्ह**

पार्टीको चुनाव चिन्ह अनुसूचि- ३ पछि समावेश गरिने छ।

**धारा- ६. प्रारम्भ**

यो विधान निर्वाचन आयोगबाट स्विकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

## अध्याय दुई

## परिभाषा

**धारा -७.** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क). 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सम्झनु पर्छ।

(ख). 'विधान' भन्नाले (नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को अन्तरिम विधान सम्झनु पर्छ।

(ग). 'श्रमिक वर्ग' भन्नाले शारिरीक र बौद्धिक दुवैखाले श्रमजीवि सम्झनु पर्छ।

(घ) 'साधारण सदस्य' भन्नाले यस विधानको धारा ९ बमोजिमको सदस्य सम्झनु पर्छ।

(ङ). 'सङ्गठित सदस्य' भन्नाले यस विधानको धारा १० बमोजिमको सदस्य सम्झनु पर्छ।

(च). 'महाधिवेशन' भन्नाले विधानको धारा १९ बमोजिम आयोजना गरिने राष्ट्रिय महाधिवेशन सम्झनु पर्छ। यसले धारा ७३ बमोजिमको विशेष महाधिवेशनसमेत बुझाउनेछ।

(छ). 'कमिटी' भन्नाले विधान अनुसार गठित केन्द्रीय कमिटीदेखि प्रारम्भिक कमिटीसम्मका सवै कमिटीहरू सम्झनु पर्छ। यसले सङ्गठन कमिटीसमेत बुझाउँछ।

(ज). 'पदाधिकारी' भन्नाले पार्टी केन्द्रीय कमिटीका अध्यक्ष, वरिष्ठ नेता, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव, केन्द्रीय कमिटी मातहतका सबै कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र उपसचिव एवं केन्द्रीय आयोगहरूका अध्यक्ष, उपाध्यक्ष, सचिव र सल्लाहकार परिषद्का अध्यक्ष, उपाध्यक्ष र सचिव समेत सम्झनु पर्छ।

(झ). 'केन्द्रीय निकाय' भन्नाले पार्टीको राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद, केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्च सम्झनु पर्छ ।

(ञ). 'प्रदेश निकाय' भन्नाले प्रदेश अधिवेशन, प्रदेश परिषद्, प्रदेश कमिटी, प्रदेश आयोग, प्रदेश सल्लाहकार परिषद् र प्रदेश जेष्ठ कम्युनिष्ट मञ्च सम्झनु पर्छ । यसले विशेष प्रदेश अधिवेशन, विशेष प्रदेश परिषद् र विशेष प्रदेश कमिटीलाई समेत बुझाउँछ ।

(ट) 'स्थानीय निकाय' भन्नाले जिल्ला, विशेष जिल्ला, महानगर, उपमहानगर, गाउँ, वडा वा शाखा र टोल वा प्रारम्भिक तहका अधिवेशन, परिषद्, कमिटी, सल्लाहकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्चसमेत सम्झनु पर्छ । यसले प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटी र प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय कमिटी समेत जनाउँछ ।

(ठ). 'मोर्चा सङ्गठन' भन्नाले पार्टीको वैचारिक मार्गदर्शनमा सञ्चालित घोषित जनसङ्गठनहरूको मोर्चा सम्झनु पर्छ ।

(ड). 'संसदीय दल' भन्नाले विधानको धारा ६८ र ६९ वमोजिमको नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) को संसदीय दल सम्झनु पर्छ ।

(ढ). 'संयन्त्र' भन्नाले सरोकारवाला सङ्गठन, संस्था र राज्यका स्थानीय निकायको कामलाई व्यवस्थित गर्न त्यहाँ कार्यरत पार्टी सदस्यहरू सम्मिलित पार्टीको प्रत्यक्ष निर्देशनमा चल्ने संयन्त्र सम्झनु पर्छ ।

(ण). 'कोष' भन्नाले सम्बन्धित तहको पार्टी कमिटीको निर्णय अनुसार स्थापित पार्टी कोष सम्झनु पर्छ ।

(त). 'तोकिए बमोजिम' भन्नाले विधानको धारा ८६ बमोजिम तोकिएका विषय सम्झनु पर्छ ।

## अध्याय तीन

## सदस्यता

### धारा- ८. सदस्यका प्रकार

(क) पार्टीमा निम्नानुसार सदस्य रहने छन् :

१. साधारण सदस्य

२. सङ्गठित सदस्य

(ख) धारा ९ (क) को योग्यता र (ख) को प्रकृया पूरा गरेका व्यक्ति साधारण सदस्य हुनेछन् ।

(ग) धारा १० (क) को योग्यता र (ख) को प्रकृया पूरा गरेका व्यक्ति सङ्गठित सदस्य हुनेछन् ।

### धारा- ९. साधारण सदस्य

(क) साधारण सदस्यको योग्यता देहाय बमोजिम हुनेछ :

१. १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

२. भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कैदको सजाय नपाएको ।

३. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको ।

४. कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य नरहेको,

५. नैतिकवान र स्वच्छ चरित्र भएको,

६. मानसिक सन्तुलन नगुमेको,

७. नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नभोगिरहेको ।

८. प्रचलित कानूनले अयोग्य नभएको,

९. पार्टीबाट सञ्चालित आन्दोलन र कार्यक्रमहरूमा सहयोगी रहेको,

१०. पार्टीको सिद्धान्त, कार्यक्रम र नीति आत्मसात गरी कार्यान्वयन गर्न तत्पर,

११. पार्टीको विधान र नियमावली मान्न तत्पर,

१२. पार्टीको कुनै जन सङ्गठन वा संयन्त्रमा सङ्गठित भई जिम्मेवारी पूरागर्न तत्पर,

१३. उत्पादनमूलक श्रममा संलग्न हुन र सामाजिक आर्थिक रूपान्तरणमा क्रियाशिल हुन तत्पर ।

१४. समाजमा रहेका अवैज्ञानिक धारणा तथा अन्धविश्वासबाट सिर्जित समस्या हटाउनका लागि क्रियाशिल हुन तत्पर रहेको ।

(ख) साधारण सदस्यता प्राप्त गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ :

१. धारा ९ (क) को योग्यता पुगेको व्यक्तिले आफू रहेको वडाको पार्टी कमिटीमा आवेदन दिने ।

२. वडा कमिटीले धारा ९ (क) को योग्यता पुगे नपुगेको हेरी योग्यता पुगेको भए तोकिएको शुल्क लिई साधारण सदस्यता प्रदान गर्न सम्बन्धित महानगर/उपमहानगर/नगर/गाउँ कमिटीमा सिफारिस गर्ने ।

३. महानगर/उपमहानगर/नगर/गाउँ कमिटीले योग्यता पुगेका व्यक्तिलाई साधारण सदस्यता प्रदान गरी अनुमोदनका लागि व्यक्तिगत विवरणसहित जिल्ला कमिटीमा पठाउने ।

३. जिल्ला कमिटीले योग्यता र प्रकृया पुगेको भए अनुमोदन गर्ने र व्यक्तिगत विवरणसहितको अभिलेख राखी संख्यात्मक विवरण प्रदेश कमिटी तथा केन्द्रीय सङ्गठन विभागमा पठाउने ।

(ग) साधारण सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. पार्टीको कुनै जन सङ्गठन वा संयन्त्र वा सम्पर्क मञ्चमा सङ्गठित भई काम गर्ने,

२. पार्टीका दस्ताबेजहरू प्राप्त गरी अध्ययन गर्ने,

३. पार्टीको आफु रहेको वडाको साधारण सभामा सहभागी हुने,

४. आफु रहेको वडाका पार्टी भेला तथा प्रशिक्षणमा सहभागी हुने,

५. पार्टीद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा सहभागी हुने,

६. पार्टीद्वारा साधारण सदस्यका लागि दिइने पार्टी शिक्षाका कक्षामा सहभागी हुने,

७. तोकिएको समयमा साधारण सदस्यता नवीकरण गर्ने,

८. धारा १० (क) को योग्यता पूरागरी सङ्गठित सदस्यताको निम्ति आवेदन गर्नसक्ने ।

**धारा- १०. सङ्गठित सदस्य**

(क) सङ्गठित सदस्यको योग्यता देहाय बमोजिम हुनेछ :

१. यस विधानको धारा ९ (क) सम्बन्धी सम्पूर्ण योग्यता पुगेको,

२. धारा ९ (ख) बमोजिम साधारण सदस्यता प्राप्त गरी कुनै जन सङ्गठन वा संयन्त्र वा सम्पर्क मञ्चमा सङ्गठित भई कम्तिमा १ वर्ष काम गरेको,

३. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिप्रति प्रतिबद्ध तथा विधानलाई निःशर्त स्वीकार गरी कार्यान्वयन गर्न तत्पर,

४. कम्युनिष्ट आचरण र नैतिकताको पालना गर्न, सार्वजनिक जवाफदेहिता वहन गर्न र पारदर्शी जीवन शैली अपनाउन प्रतिबद्ध ।

(ख) सङ्गठित सदस्यता प्राप्त गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ :

१. धारा १० (क) को योग्यता पुगेको व्यक्तिले अनुसूची ४ को ढाँचामा दुईजना सङ्गठित सदस्यको सिफारिससहित आफू रहेको स्थानको महानगर/उपमहानगर/नगर/गाउँ कमिटीमा आवेदन दिने,

२. महानगर/उपमहानगर/नगर/गाउँ कमिटीले आवश्यक छानविन गरी आवेदकको धारा ९ (क) को योग्यता पुगेको भए सङ्गठित सदस्यता प्रदान गर्न व्यक्तिगत विवरणसहित जिल्ला कमिटीमा सिफारिस गर्ने,

३. जिल्ला कमिटीले आवश्यक छानविन गरी योग्यता पुगेको आवेदकलाई तोकिएको शुल्क लिएर सङ्गठित सदस्यता प्रदान गर्ने निर्णय गरी अनुमोदनार्थ प्रदेश कमिटीमा पठाउने,

४. प्रदेश कमिटीले आवश्यक छानविन गरी योग्यता र प्रकृया पुगेको निर्णय भए अनुमोदन गरी सदस्यता नम्वर प्रदान गर्न र अभिलेख राख्न केन्द्रीय सङ्गठन विभागमा पठाउने,

५. केन्द्रीय सङ्गठन विभागले अभिलेखमा समावेश गरी सदस्यता नम्वर प्रदान गर्ने र प्रदेश कमिटीमार्फत सम्वन्धित मातहत कमिटीमा पठाउने,

६ विभिन्न राजनीतिक पार्टी वा समूहबाट पार्टी प्रवेश गरेका देशभक्त र प्रगतिशील, लोकतान्त्रिक आन्दोलनमा सहयोगी भूमिका खेलेका र सामाजिक रूपमा प्रतिष्ठित व्यक्तिलाई जिल्ला कमिटी वा प्रदेश कमिटी वा केन्द्रीय सङ्गठन विभागको सिफारिसमा केन्द्रीय कमिटीले सङ्गठित सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) सङ्गठित सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. पार्टीको कमिटी वा आयोग वा परिषद वा विभाग वा संयन्त्र वा जन सङ्गठनमा सङ्गठित भई काम गर्ने,

२ पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको दृढतापूर्वक अनुशरण गर्दै आफ्नो जिम्मेवारी पूरागर्ने,

३. तोकिएको प्रक्रिया बमोजिम पार्टीका बैठक, अधिवेशन र महाधिवेशनमा सहभागी भई नीति निर्णयमा आफ्नो मत राख्ने तथा मतदान गर्ने र चुन्ने, चुनिने ।

४ पार्टीबाट सङ्गठित सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्ताबेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना एवम् कार्यान्वयन गर्ने,

५. पार्टीद्वारा आयोजित कार्यक्रमहरू र उत्पादनशील कार्य तथा विकास निर्माणलगायत जनसरोकारका सामाजिक कृयाकलापमा सक्रिय रहने,

६. तोकिएको सदस्यता शुल्क एवम् लेवी नियमित रूपमा सम्बन्धित कमिटीमा बुझाउने र तोकिएको समयमा सङ्गठित सदस्यता नवीकरण गर्ने ।

७ माथिल्लो कमिटीमा आवश्यकता अनुसार सुझाव, टिप्पणी र आलोचना पठाउने,

८. रुढीवाद, अन्धविश्वास, सामाजिक विकृति, उत्पीडन र विभेदका विरुद्ध उभिने ।

९. पार्टी अनुशासन पालना गर्दै पार्टीको एकता, गोपनियता, हित र प्रतिष्ठालाई जोगाइराख्न क्रियाशील रहने,

१०. आफूमाथि भएको कुनै पनि कारबाही चित्त नबुझेमा कारणसहित कारबाही गर्ने कमिटीभन्दा माथिल्लो कमिटीमा र प्रदेश कमिटीको कारबाही चित्त नबुझेमा प्रदेश अनुशासन आयोगमा तथा केन्द्रीय कमिटीको कारबाही चित्त नबुझेमा केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सक्ने ।

**धारा- ११. सदस्यताको समाप्ति**

(क) देहायको अवस्थामा पार्टीको साधारण वा सदस्यता समाप्त हुनेछ :

१. स्वेच्छाले सदस्यता परित्याग गरेमा,

२. सङ्गठित सदस्य विना अनुमती लगातार एक वर्षभन्दा बढी समय पार्टी काममा संलग्न नरहेमा,

३. पार्टीले अनुशासनको कारवाही गरी सङगठित वा साधारण सदस्यबाट निस्काशित गरेमा,

४. तोकिएको समयमा आफ्नो सदस्यता नवीकरण नगराएमा,

५. मृत्यु भएमा ।

**धारा- १२. सदस्यताको पुनः प्राप्ति**

(क) धारा ११ (क) १, २, ३ र ४ बमोजिम सङ्गठित सदस्यता गुमाएका व्यक्तिले उक्त सदस्यता पुनः प्राप्त गर्न चाहेमा कम्तिमा ६ महिना सम्बन्धित कमिटीले तोकेको काम गरेपछि धारा १० (ख) को प्रकृया पूरा गरी सङ्गठित सदस्यता पुनः प्राप्त गर्न सक्नेछन् ।

(ख) अनुशासनको कार्वाहीमा परी सङ्गठित सदस्यबाट निस्काशित व्यक्तिले गल्ति महसुस गरी कम्तिमा एक बर्ष तोकिएको काम गरेपछि धारा १० (ख) को प्रकृया पूरा गरेर पुनः उक्त सदस्यता प्राप्त गर्न सक्नेछ ।

(ग) धारा ११ (क) १, ३ र ४ बमोजिम साधारण सदस्यता गुमाएका व्यक्तिले उक्त सदस्यता पुनः प्राप्त गर्न चाहेमा धारा ९ (ख) को प्रकृया पूरा गरी उक्त सदस्यता पुनः प्राप्त गर्न सक्नेछन् ।

**धारा- १३. सदस्यता कायम**

(क) नेपाल कम्युनिष्ट पार्टीको कुनै पनि समूहमा सदस्यता कायम रहेको व्यक्ति पार्टी प्रवेश गरेमा तोकिए बमोजिमको मापदण्ड र प्रक्रिया पूरा भएपछि निजको सदस्यता कायम हुन सक्नेछ ।

(ख) उपधारा (क) बमोजिम सदस्यता कायम गर्नुअघि सम्वन्धित पार्टी कमिटीले छानविन गरी स्पष्ट प्रमाणका आधारमा निर्णय गर्नुपर्ने छ ।

(ग) शारीरिक अवस्था कमजोर भएका वा राजनीतिक वा झुठा मुद्धामा जेल परेका सङ्गठित सदस्यहरू कतै सङ्गठित नरहे पनि पार्टीप्रति निष्ठावान र आस्थावान रहँदासम्म निजको सङ्गठित सदस्यता कायम रहनेछ, ।

(घ) पार्टीबाट विशेष काममा खटाइएका साधारण वा सङ्गठित सदस्यहरू कुनै कमिटी वा निकाय वा जन सङ्गठनमा सङ्गठित नरहे पनि निजको साधारण वा सङ्गठित सदस्यता कायम रहने छ ।

**धारा- १४. सदस्यताको अभिलेख र नवीकरण**

(क) सम्पूर्ण सङ्गठित सदस्यहरूको व्यक्तिगत विवरणसहितको अभिलेख र साधारण सदस्यहरूको संख्यात्मक अभिलेख केन्द्रीय सङ्गठन विभागमा राखिने छ ।

(ख) प्रदेश कमिटीहरूले आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित सदस्यहरूको व्यक्तिगत विवरणसहितको अभिलेख र साधारण सदस्यहरूको संख्यात्मक अभिलेख राख्नेछन् ।

(ग) जिल्ला कमिटीहरूले आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित र साधारण सदस्यहरूको व्यक्तिगत विवरणसहितको अभिलेख राख्नेछन् ।

(घ) जिल्ला मातहतका सवै कमिटीहरूले आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित र साधारण सदस्यहरूको व्यक्तिगत विवरणसहितको अभिलेख राख्नेछन् ।

(ङ) हरेक कमिटीहरूले प्रत्येक वर्षको चैत मसान्तभित्र आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित र साधारण सदस्यहरूको सदस्यता नवीकरण गरी माथिल्लो कमिटीमा पठाउँनु पर्नेछ ।

(च) सङ्गठित सदस्यता नवीकरणको प्रमाणिकरण केन्द्रीय सङ्गठन विभागबाट र साधारण सदस्यता नवीकरणको प्रमाणिकरण जिल्ला कमिटीबाट गराउँनु पर्नेछ ।

**धारा- १५. सदस्यता सम्बन्धी विवादको समाधान :**

(क). सदस्यता सम्बन्धी विवाद वा समस्या उत्पन्न भएमा सम्बन्धित स्थानको सदस्यता प्रदान गर्ने अधिकार प्राप्त कमिटीले निर्णय गर्नेछ ।

(ख) सङ्गठित सदस्यता सम्बन्धी विवाद वा समस्या उत्पन्न भएमा सम्बन्धित स्थानको सङ्गठित सदस्यता प्रदान गर्ने अधिकार प्राप्त कमिटीले निर्णय गर्नेछ ।

(ग) पार्टी कमिटीमा सङ्गठित व्यक्तिको सङ्गठित सदस्यता सम्बन्धी विवाद वा समस्या उत्पन्न भएमा निज सङ्गठित रहेको कमिटीले निर्णय गर्नेछ ।

(घ) सम्बन्धित कमिटीले गरेको निर्णय विवादित भएका केन्द्रीय सङ्गठन विभागले अन्तिम निर्णय गर्नेछ

**धारा- १६. मानार्थ सदस्यता**

(क) लोकतान्त्रिक र सामाजिक आन्दोलनमा विशिष्ट भूमिका खेलेका र राष्ट्र तथा समाजको लागि विशेष योगदान गरेका विशिष्ट व्यक्तिलाई जिल्ला वा प्रदेश कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले पार्टीका मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिमको मानार्थ सदस्यता मरणोपरान्त पनि प्रदान गर्न सकिने छ ।

(ग) मानार्थ सदस्यता मानका खातिर भएकाले त्यस्ता सदस्यका लागि कुनै अधिकार र कर्तव्य तोकिएको छैन ।

(घ) मानार्थ सदस्यको अभिलेख केन्द्रीय सङ्गठन विभागमा राखिने छ ।

(ङ) मानार्थ सदस्यको आचारण खराव भएमा उक्त मानार्थ सदस्यता फिर्ता गर्न सकिने छ ।

**धारा- १७. सदस्यता पत्र तथा परिचय पत्र**

(क) साधारण सदस्यलाई अनुसूची- ५ बमोजिमको साधारण सदस्यता पत्र प्रदान गरिनेछ ।

(ख) सङ्गठित सदस्यलाई अनुसूची- ६ बमोजिमको सङ्गठित सदस्यता पत्र प्रदान गरिनेछ ।

(ग) मानार्थ सदस्यलाई अनुसूची- ७ बमोजिमको मानार्थ सदस्यता पत्र प्रदान गरिनेछ ।

(घ) विभिन्न कमिटीका पदाधिकारी र सदस्यहरुलाई अनुसूची- ८ बमोजिमको परिचय पत्र प्रदान गरिनेछ ।

# अध्याय चार

## केन्द्रीय निकायहरू

### धारा- १८. केन्द्रीय निकायहरू

(क) पार्टीका केन्द्रीय निकायहरू देहाय बमोजिम हुनेछन् :

१. राष्ट्रिय महाधिवेशन,

२. राष्ट्रिय परिषद

३. केन्द्रीय कमिटी,

४. केन्द्रीय अनुशासन आयोग,

५. केन्द्रीय लेखा परीक्षण आयोग,

६. केन्द्रीय निर्वाचन आयोग,

७. केन्द्रीय सल्लाहकार परिषद

८. केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्च

### धारा- १९. राष्ट्रिय महाधिवेशन

(क) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ । यसको आयोजना केन्द्रीय कमिटीद्वारा सामान्यतः प्रत्येक पाँच वर्षमा गरिनेछ ।

(ख) विशेष अवस्थामा राष्ट्रिय महाधिवेशन वढीमा छ महिनासम्म अघि वा पछि सार्न सकिने छ ।

(ग) महाधिवेशनको मिति र स्थान केन्द्रीय कमिटीले तोक्ने छ ।

(घ) राष्ट्रिय महाधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटीका पदाधिकारी एवम् सदस्यहरू,

२. केन्द्रीय आयोगका पदाधिकारी एवम् सदस्यहरू,

३. केन्द्रीय कमिटीद्वारा निर्धारित महाधिवेशनका प्रतिनिधि निर्वाचन क्षेत्रका सङ्गठित सदस्यहरूबाट केन्द्रीय कमिटीले तोकेको सङ्ख्यामा निर्वाचित प्रतिनिधिहरू,

४. उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल संख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटिबाट मनोनित प्रतिनिधिहरू ।

५. प्रतिनिधिमा निर्वाचित नभएका केन्द्रीय सल्लाहकार परिषद र जेष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी एवम् सदस्यहरू महधिवेशनमा पर्यवेक्षकको रूपमा सहभागी हुन सक्नेछन् ।

(ङ) राष्ट्रिय महाधिवेशनका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. महाधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल, निर्वाचन कमिटी र अन्य आवश्यक संयन्त्रहरू गठन गर्ने,

२. महाधिवेशन सञ्चालन प्रकृया तय गर्ने ।

३. केन्द्रीय कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक एवम् सांगठनिक प्रतिवेदन, विधान शंसोधन प्रस्ताव र राष्ट्रिय महत्वका प्रस्तावहरू तथा केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरूमाथि छलफल गरी पारित गर्ने,

३. रष्ट्रिय परिषद्का सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा- २०. राष्ट्रिय परिषद**

(क) पार्टीका दुई महाधिवेशनबीच पार्टीको सर्वोच्च नीति निर्माता संस्थाको रूपमा महाधिवेशनबाट निर्वाचित एक राष्ट्रिय परिषद रहनेछ ।

(ख) राष्ट्रिय परिषदमा देहायका क्षेत्रबाट सदस्य छानिने छन् :

१. प्रत्येक जिल्लाबाट त्यहाँको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र जति हो त्यत्ति र एक महिला तथा एक दलित ।

२. जनवर्गीय, पेशागत, व्यवसायिक र सामुदायिक महासङ्घमा रहेका पार्टीको घोषित जन सङ्गठनका रूपमा स्वीकृत संगठनका प्रत्येक घटक सङ्गठनबाट एकजना ।

३. महिला, युवा र विद्यार्थी सङ्गठन प्रत्येकबाट तीन जना ।

४. अन्य जन सङ्गठन प्रत्येकबाट एकजना ।

५. प्रदेश सम्पर्क कमिटी वा सो सरहका पार्टी संयन्त्र प्रत्येकबाट एकजना ।

६. खुला एकसय जना ।

(ग) राष्ट्रिय परिषद राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी रहनेछ

(घ) केन्द्रीय कमिटीका पदाधिकारी नै राष्ट्रिय परिषदका पदाधिकारी हुनेछन् ।

(ङ) राष्ट्रिय परिषदका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका सदस्य एवम् पदाधिकारीहरूको चयन गर्ने,

२. केन्द्रीय कमिटीबाट प्रस्तुत वार्षिक कार्य सम्पादन प्रतिवेदन र कार्ययोजनामाथि छलफल गरी पारित गर्ने,

३. राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने गरी पार्टी विधानमा आवश्यक संशोधन गर्ने,

४. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका सदस्य एवम् पदाधिकारीमा आवश्यक हेरफेर तथा पदपूर्ति गर्ने,

५. राष्ट्रिय महत्वका विभिन्न प्रस्तावहरू पारित गर्ने ।

**धारा- २१. केन्द्रीय कमिटी**

(क) केन्द्रीय कमिटी दुई महाधिवेशनबिच पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ ।

(ख) केन्द्रीय कमिटी अध्यक्ष १, वरिष्ठ नेता १, उपाध्यक्ष ७, महासचिव १, उपमहासचिव २, सचिव ७ गरी जम्मा १७ जना पदाधिकारीसहित ११५ पूर्ण र ३६ वैकल्पिक गरी जम्मा १५१ सदस्यीय हुनेछ ।

(ग) केन्द्रीय कमिटीको कूल सदस्य संख्याको कम्तिमा एकतिहाई सदस्य महिला हुने छन् ।

(घ) केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरू राष्ट्रिय परिषदबाट निर्वाचित हुनेछन् ।

(ङ) केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद्प्रति उत्तरदायी रहनेछ ।

(च) राष्ट्रिय परिषद्बाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भएपछि पूरानो केन्द्रीय कमिटी स्वतः विघटित हुनेछ ।

(छ) केन्द्रीय कमिटीभित्र केन्द्रीय पदाधिकारी र स्थायी कमिटी सदस्यसहित ५१ सदस्यीय पोलिटब्युरो र पदाधिकारीसहित २१ सदस्यीय स्थायी कमिटी रहने छ ।

(ज) केन्द्रीय कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. आफूमध्येबाट पोलिटव्यूरो र स्थायी कमिटी चयन गर्ने,

२. केन्द्रीय कमिटीका पदाधिकार र सदस्यहरूको वरियताक्रम निर्धारण र कार्य विभाजन गर्ने,

३. केन्द्रीय सचिवालय गठन गर्ने,

४. तोकिए बमोजिमका केन्द्रीय विभाग र आवश्यक संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने,

५. केन्द्रीय विभाग, संयन्त्र र कार्यदलका अधिकार तथा कर्तब्य तोक्ने,

६. आवश्यक विषयमा पार्टीको दृष्टिकोण तथा नीति तय गर्ने,

७. पार्टीका नीति निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

८. पार्टीका दस्तावेजहरू, केन्द्रीय मुखपत्र र अन्य आवश्यक सामग्रीको सम्पादन तथा प्रकाशन गर्ने,

९. राष्ट्रिय परिषद्, केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका निर्णय अनुरूप अन्तरपार्टी निर्देशन जारीगर्ने,

१० केन्द्रीय पार्टी स्कूल सञ्चालन गर्ने ।

११. सैद्धान्तिक, बैचारिक, कार्यक्रमिक र नीतिगत विषयमा बहस गर्नुपर्ने आवश्यकता महशुस भएमा छुट्टै बैठक वा कार्यशालाको आयोजना गर्ने,

१२. पार्टीका सम्पूर्ण सदस्यहरू, मातहत कमिटीहरू र पार्टीबाट सरकार, संसद तथा विभिन्न राजनीतिक नियुक्तिमा गएका सदस्यहरूलाई लेवी एवम् शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने ।

१३. पार्टीका मातहत कमिटी र सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

१४. पार्टी सम्बद्ध जनसङ्गठनहरूलाई नीतिगत निर्देशन दिने,

१५. संघीय संसद, संघीय सरकार, प्रदेश सभा, प्रदेश सरकार र स्थानीय तह सञ्चालन सम्बन्धी नीति निर्माण एवम् नेतृत्व प्रदान गर्ने,

१६. अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने,

१७. मापदण्ड पूरागरेका कुनै पनि व्यक्तिलाई सङ्गठित सदस्यता प्रदान गर्ने,

१८. राष्ट्र र जनताको पक्षमा विशिष्ट योगदान गरेका व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्ने,

१९. पार्टी एकता र एकीकरणलाई अगाडि बढाउन आवश्यक निर्णय गर्ने,

२०. केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने,

२१. केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

२२. मातहत कमिटीबाट अनुशासनको कारवाहीमा परेका कमिटी र व्यक्तिका उजुरी सुनी निर्णय दिने,

२३. पार्टीको एकता, हित र सुरक्षामा खलल पार्ने कुनै पनि मातहत कमिटीका निर्णयलाई बदर गर्न, आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा पार्टी निर्देशन पालन नगर्ने कमिटीलाई विघटन गर्न र सदस्यलाई कारवाही गर्नसक्ने,

२४. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने,

(झ) पोलिटव्युरोका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटीका दुई बैठकबिचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आवश्यक विषयमा पार्टीका नीति तथा दृष्टिकोण तय गर्ने,

२. केन्द्रीय कमिटीको बैठक समक्ष आफ्ना कामको प्रतिवेदन पेश गर्ने

३. स्थायी कमिटीका निर्णय अनुमोदन गर्ने र आफूले गरेका निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

४. केन्द्रीय कमिटीले तोकेका अन्य कार्यहरू गर्ने,

५. केन्द्रीय कमिटीप्रति उत्तरदायी रहने ।

(ञ) स्थायी कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटी तथा पोलिटव्यूरोका बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने,

२. आफूले गरेका आवश्यक निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति पोलिटव्यूरो र केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

३. केन्द्रीय कमिटी र पोलिटव्यूरोले तोकेका अन्य कार्यहरू गर्ने,

४. केन्द्रीय कमिटी र पोलिटब्यूरोप्रति उत्तरदायी रहने ।

(ट) अध्यक्षका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटी बैठकको अध्यक्षता गर्ने,

२. पार्टीका प्रमुख नेताको रूपमा समग्र पार्टीको नेतृत्व गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटव्युरो र स्थायी कमिटीका बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

४. पार्टीका नीति तथा केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने ।

५. पार्टी विधानको कार्यान्वयन गर्ने गराउने,

६. केन्द्रीय कमिटीको तर्फबाट राष्ट्रिय परिषद्को बैठकमा र महाधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

७. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने,

(ठ) उपाध्यक्षका अधिकार र कर्तव्य :

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने,

२. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

३. अध्यक्षले प्रत्यायोजित गरेका काम गर्ने,

४. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीले तोकेका अन्य कार्य गर्ने ।

(ड) महासचिवका अधिकार र कर्तव्य :

१. केन्द्रीय सचिवालय सञ्चालन गर्ने,

२. राष्ट्रिय महाधिवेशनबाट पारित नीति-निर्णयहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीमा प्रस्तुत गर्ने,

३. अध्यक्षको परामर्शमा राष्ट्रिय परिषद्, केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीका बैठक बोलाउने र बैठकको कार्यसूची तयार गर्ने,

४. राष्ट्रिय परिषद, केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका बैठक सञ्चालन गर्ने,

५. केन्द्रीय कमिटी, पोलिटव्यूरो, स्थायी कमिटीका बैठकमा संगठनात्मक प्रतिवेदन पेशगर्ने,

६. केन्द्रीय कमिटीको तर्फबाट राष्ट्रिय परिषदको वैठकमा र महाधिवेशनमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

७. आफूमा निहित अधिकार उपमहासचिवमा प्रत्यायोजन गर्ने,

८. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीका निर्णय कार्यान्वायन गर्ने गराउने,

९. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीले तोकेका अन्य काम गर्ने ।

(ढ) उपमहासचिवका अधिकार र कर्तव्य :

१. महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण काम गर्ने,

२. महासचिवको काममा आवश्यक सहयोग गर्ने,

३. महासचिवले प्रत्यायोजित गरेका काम गर्ने,

४. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीले तोकेका अन्य काम गर्ने ।

(ण) सचिवका अधिकार र कर्तव्य :

१. सचिवहरूले केन्द्रीय सचिवालय रहेर काम गर्ने ।

२. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीले तोकेका अन्य काम गर्ने ।

**धारा- २२. केन्द्रीय अनुशासन आयोग**

(क) पार्टीको अनुशासन सम्वन्धी कार्य सम्पादन गर्न राष्ट्रिय परिषद्‌बाट निर्वाचित केन्द्रीय अनुशासन आयोग रहनेछ ।

(ख) आयोगमा अध्यक्ष र सचिवसहित ३१ सदस्य रहनेछन् ।

(ग) आयोग राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद्‌प्रति उत्तरदायी हुनेछ ।

(घ) आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटि सदस्यसरह तथा सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

(ङ) केन्द्रीय अनुशासन आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. पार्टीको केन्द्रीय निकायका पदाधिकारी र सदस्यहरूलगायत विभिन्न तहका पार्टी कमिटी र सदस्यहरूले केन्द्रीय कमिटीबाट आफुमाथि भएको कार्वाही चित्त नबुझी दिएको पुनरावेदन ग्रहण गरी आवश्यक छानविन तथा फैसला गर्ने र त्यसको कार्यान्वयनका लागि केन्द्रीय कमिटीमार्फत वा सिधै सम्बन्धित कमिटीलाई निर्देशन दिने,

२. पार्टीका तोकिएका कमिटी सदस्यहरू र पार्टीकोतर्फबाट जनप्रतिनिधिमूलक संस्था एवम् लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको सम्पत्ति विवरण लिने, आवश्यकता अनुसार छानविन गर्ने र आवधिक रूपमा सार्वजनिक गर्ने,

३. पार्टीको अनुशासन उल्लङ्घन गर्ने, पार्टीले तोकेको परिधि र पद्धति नाघी अभिव्यक्ति दिने, पार्टीको हित विपरीत क्रियाकलाप गर्ने कुनै पनि तहको सदस्यलाई सचेत पार्ने तथा त्यस्ता गतिविधि

दोहोऱ्याइरहने सदस्यलाई विधानअनुरूप अनुशासनको कारवाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने,

४. कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा आवश्यक छानबिन गरी अनुशासनको कारबाही गर्न निर्देशन दिने, सम्बन्धित कमिटीले सो निर्देशन कार्यान्वयन नगरेमा आयोग स्वयम्ले कारबाहीको प्रक्रिया अघि बढाउने,

५. आयोगमा विचाराधिन मुद्दाको अनुसन्धान गर्ने सन्दर्भमा विभिन्न कमिटीका बैठकमा उपस्थित हुनसक्ने,

६. पार्टी केन्द्रीय कमिटीलगायत कुनै पनि कमिटीबाट अनुशासनको कारबाहीमा परी चित्त नबुझी लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा कमिटीको उजुरी वा पुनरावेदन ग्रहण गरी त्यसमा आवश्यक छानविन गरी निर्णय गर्ने । केन्द्रीय कमिटीको निर्णय उपर चित्त नबुझी यस आयोग समक्ष पुनरावेदन गरिएमा सो उपर छानवीन गरी आवश्यक कारवाही गर्ने ।

७. अनुशासनको कारवाही सम्बन्धी निर्णय र पर्न आएका पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको जानकारी केन्द्रीय कमिटीलाई दिने,

८. आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद् र केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने,

९. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

१०. यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्य गर्ने ।

**धारा- २३. केन्द्रीय लेखा परीक्षण आयोग**

(क) पार्टीको आन्तरिक लेखा परीक्षण कार्य सम्पादन गर्न राष्ट्रिय परिषद्बाट निर्वाचित केन्द्रीय लेखा परीक्षण आयोग रहनेछ ।

(ख) आयोगमा अध्यक्ष र सचिवसहित ३१ सदस्य रहनेछन् ।

(ग) आयोग राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद्प्रति उत्तरदायी रहनेछ ।

(घ) आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटि सदस्यसरह तथा सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

(ङ) केन्द्रीय लेखा परीक्षण आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. पार्टी केन्द्रीय कमिटी र जनसङ्गठनहरूको केन्द्रीय तहको आय व्ययको लेखा परीक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने,

२. लेखा तथा आर्थिक ब्यवस्थापन सम्बन्धी आवश्यक नीति नियम बनाई कार्यान्वयनका निम्ति केन्द्रीय कमिटीमा पेश गर्ने,

३ केन्द्रीय सचिवालयसँग संयोजन गरी लेखा तथा आर्थिक ब्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

४. लेखा परीक्षण सम्बन्धी कामको सन्दर्भमा सम्वन्धित कमिटीको बैठकमा उपस्थित हुनसक्ने,

५. आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने र केन्द्रीय कमिटीलाई जानाकारी दिने,

६. यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

७. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

**धारा- २४. केन्द्रीय निर्वाचन आयोग**

(क) पार्टीको आन्तरिक निर्वाचन कार्य सम्पादन गर्न राष्ट्रिय परिषद्बाट निर्वाचित केन्द्रीय निर्वाचन आयोग रहनेछ ।

(ख) यो आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(ग) यस आयोगमा अध्यक्ष र सचिवसहित ३१ सदस्य रहनेछन् ।

(घ) यस आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटि सदस्यसरह तथा सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

(ङ) केन्द्रीय निर्वाचन आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. पार्टीको आन्तरिक निर्वाचन सम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गराउने,

२. प्रदेश कमिटी र प्रदेश आयोगका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने,

३. पार्टीका जन सङ्गठन र पेशागत सङ्गठनका केन्द्रीय निकायका निर्वाचन गराउने,

४. आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी कमिटीको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने,

५. आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशन समक्ष प्रस्तुत गर्ने र केन्द्रीय कमिटीलाई जानाकारी दिने,

६. यस विधानमा अन्यत्र अउल्लेख गरिएका कार्यहरू गर्ने ।

७. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

**धारा- २५. आयोगहरू स्वायत्त निकाय हुने**

(क) केन्द्र तथा प्रदेशमा रहने अनुशासन आयोग, लेखा परीक्षण आयोग र निर्वाचन आयोग स्वायत्त निकाय हुनेछन् । यी आयोगहरूले विधानको अधिनमा रही आफ्नो कार्य सम्पादन नियमावली आफै बनाई शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप स्वतन्त्र ढङ्गले काम गर्नेछन् ।

(ख) आयोगका पदाधिकारी तथा सदस्यहरू पार्टीका अन्य कमिटी वा निकायमा सङ्गठित हुने छैनन् ।

(ग) आफ्ना पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारबाही र उनीहरूको राजीनामा स्वीकृत गर्नेछन् ।

**धारा- २६. केन्द्रीय सल्लाहकार परिषद्**

(क) केन्द्रीय कमिटीले आफ्नो कूल सदस्य संख्याको ५० प्रतिसतभन्दा वढी नहुने गरी अध्यक्ष, सचिव र सदस्य तोकेर आफ्नो तहको सल्लाहकार परिषद् गठन गर्न सक्नेछ ।

(ख) परिषद्का अध्यक्षको मर्यादा स्थायी कमिटीका सदस्यसरह र सचिवको तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

(ग) सल्लाहकार परिषदका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. अध्यक्षले केन्द्रीय कमिटीका अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

२. सचिवले अध्यक्षको निर्देशनमा परिषदको बैठक बोलाउने र बैठक सञ्चालन गर्ने,

३. परिषदले केन्द्रीय कमिटीलाई विभिन्न विषयमा सल्लाह तथा सुझाव दिने,

४. अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

**धारा- २७. केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्च**

(क) केन्द्रीय कमिटीले आफ्नो कूल सदस्य संख्याको ५० प्रतिसतभन्दा वढी नहुने गरी अध्यक्ष, सचिव र सदस्यहरू राखी केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्न सक्नेछ ।

(ख) मञ्चका अध्यक्षको मर्यादा स्थायी कमिटीका सदस्यसरह र सचिवको तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

(ग) ज्येष्ठ कम्युनिष्ट मञ्चका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१ अध्यक्षले केन्द्रीय कमिटीका अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

२. सचिवले अध्यक्षको निर्देशनमा मञ्चको बैठक बोलाउने र बैठक सञ्चालन गर्ने,

३. मञ्चका पदाधिकारी एवम् सदस्यले आफ्ना अनुभवद्वारा युवा पुस्तालाई प्रशिक्षित र उत्प्रेरित गर्ने,

४. अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

**धारा- २८. केन्द्रीय सचिवालय**

(क) केन्द्रीय कमिटीले महासचिव, उपमहासचिव र सचिवहरू रहेको केन्द्रीय सचिवालय गठन गर्नेछ ।

(ख) केन्द्रीय सचिवालयका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. केन्द्रीय कार्यालय सञ्चालन गर्ने,

२. केन्द्रीय स्तरबाट तयार गरिनुपर्ने कार्ययोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीको बैठकका कार्यसूची सम्बन्धी प्रस्ताव तयार गर्ने,

४. केन्द्रीय विभाग, मातहत कमिटी, संयन्त्र, कार्यदल, मोर्चा सङ्गठनलगायतका कामको प्रतिवेदन नियमित रूपमा लिने र मूल्यांकन प्रतिवेदन तयार गरी केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीमा प्रस्तुत गर्ने,

५. समसामयिक विषयमा पार्टी निर्णय सार्वजनिक गर्ने,

६. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

## अध्याय पाँच

## प्रदेश निकायहरू

**धारा- २९. पार्टीका प्रदेश निकायहरू**

(क) पार्टीका प्रदेश निकायहरू निम्न प्रकार हुनेछन् :

१. प्रदेश/विशेष प्रदेश अधिवेशन

२. प्रदेश/विशेष प्रदेश परिषद्

३. प्रदेश/उपत्यका विशेष प्रदेश/ सम्पर्क समन्वय कमिटी

४. प्रदेश आयोगहरू

**धारा- ३० प्रदेश अधिवेशन**

(क) प्रदेश अधिवेशन प्रदेश तहको सर्वोच्च निकाय हुनेछ । यसको आयोजना प्रदेश कमिटीद्वारा सामान्यतः प्रत्येक पाँच वर्षमा गरिनेछ । विशेष अवस्थमा वढीमा छ महिना अघि वा पछि सार्न सकिने छ ।

(ख) प्रदेश अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :

१. प्रदेश कमिटीका पदाधिकारी एवम् सदस्यहरू,

२. प्रदेश आयोगका पदाधिकारी एवम् सदस्यहरू,

३. प्रदेश कमिटीले निर्धारण गरे बमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित प्रतिनिधिहरू,

४. उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल संख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश/विशेष प्रदेश कमिटिबाट मनोनित प्रतिनिधिहरू ।

५. प्रतिनिधिमा निर्वाचित नभएका प्रदेश सल्लाहाकार परिषद र जेष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी एवम् सदस्यहरू अधिवेशनमा पर्यवेक्षकको रूपमा सहभागी हुन सक्नेछन् ।

(ग) प्रदेश अधिवेशनका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र अन्य आवश्यक संयन्त्रहरू गठन गर्ने,

२. अधिवेशन सञ्चालन प्रकृया तय गर्ने ।

३. प्रदेश कमिटीको तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

४ प्रदेश आयोगका प्रतिवेदनहरू अध्ययन गरी सुझाव दिने,

५. प्रदेश परिषद्का सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा- ३१. प्रदेश परिषद**

(क) हरेक प्रदेशमा अधिवेशनबाट निर्वाचित एक प्रदेश परिषद रहनेछ ।

(ख) प्रदेश परिषदमा देहायका क्षेत्रबाट सदस्य छानिने छन् :

१. प्रदेश अन्तर्गतका प्रत्येक जिल्लाबाट त्यहाँ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र जति हो त्यत्ति र एक महिला तथा एक दलित ।

२. प्रदेशमा कमिटी रहेका पार्टीका घोषित जनवर्गीय, पेशागत, व्यवसायिक र सामुदायिक सङ्गठन प्रत्येकबाट एकजना ।

३. खुला पचास जना ।

(ग) प्रदेश परिषद प्रदेश अधिवेशनप्रति उत्तरदायी रहनेछ

(घ) प्रदेश कमिटीका पदाधिकारी नै प्रदेश परिषदका पदाधिकारी हुनेछन् ।

(ङ) प्रदेश परिषदका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. प्रदेश कमिटी र प्रदेश आयोगका सदस्य एवम् पदाधिकारीहरूको चयन गर्ने,

२. प्रदेश कमिटीबाट प्रस्तुत वार्षिक कार्य सम्पादन प्रतिवेदन र कार्ययोजनामाथि छलफल गरी पारित गर्ने,

३. प्रदेश कमिटी र प्रदेश आयोगका सदस्य एवम् पदाधिकारीमा आवश्यक हेरफेर तथा पदपूर्ति गर्ने ।

**धारा- ३२. प्रदेश कमिटी**

(क) हरेक प्रदेशमा प्रदेश परिषद्बाट निर्वाचित एक प्रदेश कमिटी रहनेछ ।

(ख) प्रदेश कमिटीमा अध्यक्ष १, उपाध्यक्ष २, सचिव १, उपसचिव २ र सदस्यहरू रहनेछन्

(ग) प्रदेश कमिटीको कुल सदस्य संख्या प्रदेशमा जति प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र छन् त्यत्ति र थप १५ जना हुनेछ ।

(घ) प्रदेश कमिटीमा कम्तिमा एकतिहाई सदस्य महिला हुने छन् ।

(ङ) प्रदेश कमिटी प्रदेश अधिवेशन र प्रदेश परिषद्प्रति उत्तरदायी रहनेछ ।

(च) प्रदेश कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. कमिटीको कुल सदस्य संख्याको एकतिहाइभन्दा बढी नहुने गरी पदाधिकारीसहितको सचिवालय चयन गर्ने ।

२. नियमित रूपमा बैठक बसी आफ्नो प्रदेशको समग्र पार्टी कामको योजना बनाएर लागू गर्ने,

३. केन्द्रीय कमिटीका निर्देशन र आफ्नो कमिटीका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

४. प्रदेशको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने,

५. पार्टी दस्तावेज तथा अन्य प्रचार सामग्रीहरू प्रकाशन र बिक्री-वितरण गर्ने,

६. आफ्नो कमिटीका सदस्यहरूको वरियता तोक्ने र कार्य विभाजन गर्ने,

७. आफ्नो कमिटी र मातहतका नेता कार्यकताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कूल र प्रशिक्षण सञ्चालन गर्ने,

८. प्रदेशसभा र प्रदेश सरकार तथा स्थानीय तहमा कार्यरत पार्टी नेता तथा कार्यकर्तालाई राजनैतिक नेतृत्व प्रदान गर्ने, उनीहरूलाई पार्टीको नीति निर्देशन एवम् आवश्यक प्रशिक्षण दिने र जनताको हितमा परिचालित गर्ने,

९. आफ्नो मातहतका पार्टी सदस्यहरू, कमिटीहरू, पार्टीबाट प्रदेश सरकार तथा संसद र प्रदेशका राजनीतिक नियुक्तिमा गएका सदस्यहरूलाई लेवी एवम् शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने,

१०. आफ्नो कमिटीको कुल संख्याको ५० प्रतिसतभन्दा वढी नहुने गरी सल्लाहकार परिषद र जेष्ठ कम्युनिष्ट मञ्च गठन गरी अधिकार र कर्तव्य तोक्ने,

११. तोकिए बमोजिमका विभाग र आबश्यक संयन्त्र एवम् कार्यदल गठनगर्ने र तिनका अधिकार तथा कर्तब्य तोक्ने ।

१२. आफ्नो तहका जन सङ्गठनहरूलाई राजनैतिक नेतृत्व प्रदान गर्ने,

१३. आफ्ना कामहरूको प्रतिवेदन र आर्थिक दायित्व नियमित रूपमा केन्द्रीय कमिटीमा पठाउने,

१४. आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने,

१५. आफ्नो कमिटीका पदाधिकारी र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

१६. मातहत कमिटीबाट अनुशासनको कारवाहीमा परेका कमिटी तथा व्यक्तिका उजुरी सुनी निर्णय दिने,

१७. अनुशासनात्मक कारवाहीमा परी कमिटी बिघटन भएमा वा कार्यकाल समाप्त भएमा जिल्ला सङ्गठन कमिटी निर्माण गर्नको लागि केन्द्रीय कमिटीसमक्ष शिफारिस गर्ने र केन्द्रीय कमिटीबाट स्वीकृत भए पश्चात कार्यान्वयन गर्ने,

१८. जिल्ला कमिटीको सङ्गठित सदस्यता प्रदान गर्ने निर्णय अध्ययन गरी योग्यता र प्रकृया पुगेको भए अनुमोदन गर्ने ।

१९. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिए बमोजिमका अन्य काम गर्ने ।

(छ) प्रदेश कमिटी अध्यक्षका अधिकार र कर्तव्य :

१. प्रदेश कमिटी र प्रदेश परिषदका बैठकको अध्यक्षता गर्ने,

२. कमिटीका समग्र काममा नेतृत्व गर्ने,

३. कमिटीको बैठकमा आफैले र प्रदेश परिषद् एवम् प्रदेश अधिवेशनमा कमिटीको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने,

४. प्रदेश अधिवेशन र कमिटीका निर्णय कार्यान्वयन गर्ने गराउने,

५. कमिटीका समग्र कामको अनुगमन गर्ने,

६. कमिटीको आय-व्ययको लेखा राख्न लगाउने,

७. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(ज) प्रदेश कमिटी उपाध्यक्षका अधिकार र कर्तव्य :

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने,

२. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

३. अध्यक्षले प्रत्यायोजित गरेका काम गर्ने,

४. प्रदेश कमिटीले तोकेका अन्य कार्य गर्ने ।

(झ) प्रदेश कमिटी सचिवका अधिकार र कर्तव्य :

१. अध्यक्षको निर्देशनमा प्रदेश परिषद् र प्रदेश कमिटीका बैठक बोलाउने र सञ्चालन गर्ने,

२. कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने,

३. कार्यालय सञ्चालन गर्ने तथा साङ्गठनिक अभिलेख राख्ने,

४. साङ्गठनिक कामको अनुगमन गर्ने,

५. प्रदेश कमिटी तथा प्रदेश परिषद् बैठकमा र प्रदेश अधिवेशनमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

६. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(ञ) प्रदेश कमिटी उपसचिवका अधिकार र कर्तव्य :

१. सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने,

२. सचिवको काममा आवश्यक सहयोग गर्ने,

३. सचिवले प्रत्यायोजित गरेका काम गर्ने,

४. प्रदेश कमिटीले तोकेका अन्य काम गर्ने ।

**धारा- ३३. विशेष प्रदेश अधिवेशन**

(क) विशेष प्रदेश अधिवेशन विशेष प्रदेश तहको सर्वोच्च निकाय हुनेछ । यसको आयोजना विशेष प्रदेश कमिटीद्वारा सामान्यतः प्रत्येक  पाँच वर्षमा गरिनेछ । विशेष अवस्थामा वढीमा छ महिना अघि वा पछि सार्न सकिने छ ।

(ख) विशेष प्रदेश अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :

१. विशेष प्रदेश कमिटीका पदाधिकारी एवम् सदस्यहरू,

२. प्रदेश आयोगका पदाधिकारी एवम् सदस्यहरू,

३. विशेष प्रदेश कमिटीले निर्धारण गरे बमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित प्रतिनिधिहरू,

४. उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल संख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश/विशेष प्रदेश कमिटिबाट मनोनित प्रतिनिधिहरू ।

(ग) विशेष प्रदेश अधिवेशनका अधिकार र कर्तव्य :

१. धारा ३० (ग) मा उल्लेखित प्रदेश अधिवेशनका अधिकार र कर्तव्य नै विशेष प्रदेश अधिवेशनका अधिकार र कर्तव्य हुनेछन् ।

**धारा-३४. विशेष प्रदेश परिषद**

(क) काठमाडौं उपत्यकामा विशेष प्रदेश अधिवेशनबाट निर्वाचित एक विशेष प्रदेश परिषद रहनेछ ।

(ख) विशेष प्रदेश परिषद्मा देहायका क्षेत्रबाट सदस्य छानिनेछ :

१. विशेष प्रदेश कमिटी अन्तर्गतका प्रत्येक जिल्ला कमिटीको क्षेत्रबाट कम्तिमा पाँच महिला र एक दलितसहित पन्ध्रजना ।

२. पाँच हजारभन्दा बढी सङ्गठित सदस्य भएको जिल्ला कमिटीको क्षेत्रबाट एकहजार सङ्गठित सदस्य बराबर एकका दरले थप .... जना ।

३. खुला पचास जना ।

(ग) विशेष प्रदेश परिषद विशेष प्रदेश अधिवेशनप्रति उत्तरयदायी रहनेछ

(घ) विशेष प्रदेश कमिटीका पदाधिकारी नै विशेष प्रदेश परिषदका पदाधिकारी हुनेछन् ।

(ङ) विशेष प्रदेश परिषदका अधिकार र कर्तव्य :

१. धारा ३१ (ङ) मा उल्लेखित प्रदेश परिषद्का अधिकार र कर्तव्य नै विशेष प्रदेश परिषद्का अधिकार र कर्तव्य हुनेछन् ।

**धारा-३५ उपत्यका विशेष प्रदेश कमिटी :**

(क) काठमाडौं उपत्यकामा पेशागत, व्यवसायिक र सामुसदायिक क्षेत्रमा कार्यरत पार्टी सदस्यबीच काम गर्न विशेष प्रदेश परिषद्बाट निर्वाचित उपत्यका विशेष प्रदेश कमिटी रहनेछ ।

(ख) उपत्यका विशेष प्रदेश कमिटीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उपसचिव १ र ७१ सदस्य रहनेछन्

(ग) उपत्यका विशेष प्रदेश कमिटी विशेष प्रदेश अधिवेशन र विशेष प्रदेश परिषद्प्रति उत्तरदायी रहनेछ ।

(घ) धारा ३२ (ङ) मा उल्लेखित प्रदेश कमिटीका अधिकार र कर्तव्य नै विशेष प्रदेश कमिटीका अधिकार र कर्तव्य हुनेछन् ।

(ङ) (घ) धारा ३२ (च), (छ), (ज) र (झ) मा उल्लेखित प्रदेश कमिटी पदाधिकारीका अधिकार र कर्तव्य नै उपत्यका विशेष प्रदेश कमिटी पदाधिकारीका अधिकार र कर्तव्य हुनेछन् ।

(च) उपत्यका विशेष प्रदेश कमिटी अन्तर्गत मजदुर विशेष जिल्ला कमिटी, पेशागत विशेष जिल्ला कमिटी, उद्योग व्यवशाय विशेष जिल्ला कमिटी र युवा विद्यार्थी जिल्ला कमिटी रहने छन् र ती जिल्ला कमिटीहरूको मातहतमा विभिन्न शाखा, उपशाखा र प्रारम्भिक कमिटी गठन गरिने छ ।

**धारा-३६ सम्पर्क समन्वय कमिटी :**

(क) देशका विभिन्न जिल्लाबाट काठमाण्डौं उपत्यकामा आई अस्थायी बसोबास गररिहेका पार्टी सदस्यहरूमध्येबाट प्रदेश कमिटी स्तरको सम्पर्क समन्वय कमिटी गठन गरिने छ ।

(ख) सम्पर्क समन्वय कमिटीमा देहाय बमोजिमका पदाधिकारी एवम सदस्यहरू रहने छन् :

१. केन्द्रीय कमिटीबाट संयोजक, सह संयोजक, सचिव र प्रदेश सम्पर्क कमिटीका इञ्चार्ज, सहइञ्चार्जको रूपमा तोकिएका केन्द्रीय कमिटी सदस्यहरू,

२. प्रदेश सम्पर्क कमिटीका अध्यक्षहरू,

३. सम्पर्क समन्वय कमिटी अन्तर्गतका राष्ट्रिय परिषद सदस्यहरू,

४. उपर्युक्त सदस्यहरूको कूल संख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सम्पर्क समन्वय कमिटीको शिफारिसमा केन्द्रीय कमिटीबाट मनोनित सदस्यहरू ।

(ग) धारा ३१ (ङ) मा उल्लेखित प्रदेश कमिटीका अधिकार र कर्तव्य नै सम्पर्क समन्वय कमिटीका अधिकार र कर्तव्य हुनेछन् ।

(घ) सम्पर्क समन्वय कमिटी अन्तर्गत जिल्ला कमिटी स्तरका प्रदेश सम्पर्क कमिटी गठन हुनेछन् र ती कमिटीहरूको मातहतमा जिल्ला सम्पर्क मञ्च र निर्बाचन क्षेत्रीय सम्पर्क मञ्च गठन गरिने छ ।

(ङ) प्रबास क्षेत्रमा पनि विभिन्न स्तरका सम्पर्क कमिटी र सम्पर्क मञ्च गठन गरिन छ ।

**धारा- ३७. प्रदेश अनुशासन आयोग**

(क) प्रदेशमा पार्टीको अनुशासन सम्वन्धी कार्य गर्न प्रदेश परिषद्बाट निर्वाचित प्रदेश अनुशासन आयोग रहनेछ ।

(ख) यो आयोग प्रदेश परिषद् र प्रदेश अधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(ग) यस आयोगमा अध्यक्ष, सचिव र २३ सदस्य रहनेछन् ।

(घ) यस आयोगका अध्यक्षको मर्यादा प्रदेश कमिटिका सचिवालय सदस्यसरह र सचिव एवम् सदस्यहरूको मर्यादा प्रदेश कमिटीका सदस्यसरह हुनेछ ।

(ङ) प्रदेश अनुशासन आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरूलगायत प्रदेश अन्तर्गतका पार्टी कमिटी, कार्यकर्ता र सदस्यहरूले प्रदेश कमिटीबाट अफुमाथि भएको कार्वाही चित्त नबुझी दिएको पुनरावेदन ग्रहण गरी आवश्यक छानविन तथा फैसला गर्ने र त्यसको कार्यान्वयनका लागि प्रदेश कमिटीमार्फत वा सिधै सम्बन्धित कमिटीलाई निर्देशन दिने,

२. तोकिएका कमिटी सदस्यहरू र पार्टीकोतर्फबाट जनप्रतिनिधिमूलक संस्था एवम् लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको सम्पत्ति विवरण लिने, आवश्यकताअनुसार छानविन गर्ने र आवधिक रूपमा सार्वजनिक गर्ने,

३. आयोगमा विचाराधिन मुद्धाको अनुसन्धान गर्ने सन्दर्भमा विभिन्न कमिटीका बैठकमा उपस्थित हुनसक्ने,

४. अनुशासनको कारवाहीसम्बन्धी निर्णय र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको जानकारी प्रदेश कमिटीलाई दिने,

५. आफ्ना कामको प्रतिवेदन प्रदेश परिषद् र प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने,

६. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

**धारा- ३८. प्रदेश लेखा परीक्षण आयोग**

(क) प्रदेश कमिटीको आन्तरिक लेखा परीक्षण कार्यगर्न प्रदेश परिषद्बाट निर्वाचित प्रदेश लेखा परीक्षण आयोग रहनेछ ।

(ख) यो आयोग प्रदेश परिषद् र प्रदेश अधिवेशनप्रति उत्तरदायी रहनेछ ।

(ग) यस आयोगमा अध्यक्ष, सचिव र २३ सदस्य रहनेछन् ।

(घ) यस आयोगका अध्यक्षको मर्यादा प्रदेश कमिटिका सचिवालय सदस्यसरह र सचिव एवम् सदस्यहरूको मर्यादा प्रदेश कमिटीका सदस्यसरह हुनेछ ।

(ङ) प्रदेश लेखा परीक्षण आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. प्रदेश र प्रदेश अन्तर्गतका पार्टी कमिटी र जनसङ्गठनहरूका आय व्ययको लेखा परीक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि प्रदेश कमिटीमा प्रस्तुत गर्ने,

२ प्रदेश कमिटीसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

३. लेखा परीक्षणसम्बन्धी कामको सन्दर्भमा सम्वन्धित कमिटीको बैठकमा उपस्थित हुनसक्ने,

४. आफ्ना कामको प्रतिवेदन प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने र प्रदेश कमिटीलाई जानाकारी दिने,

५. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

**धारा- ३९. प्रदेश निर्वाचन आयोग**

(क) प्रदेशमा पार्टीको आन्तरिक निर्वाचन कार्य सम्पादन गर्न प्रदेश प्रदेशबाट निर्वाचित प्रदेश निर्वाचन आयोग रहनेछ ।

(ख) यो आयोग प्रदेश परिषद् र प्रदेश अधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(ग) यस आयोगमा अध्यक्ष, सचिव र २३ सदस्य रहनेछन् ।

(घ) यस आयोगका अध्यक्षको मर्यादा प्रदेश कमिटिका सचिवालय सदस्यसरह र सचिव एवम् सदस्यहरूको मर्यादा प्रदेश कमिटीका सदस्यसरह हुनेछ ।

(ङ) प्रदेश निर्वाचन आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. प्रदेश अन्तर्गतका पार्टी कमिटी र जन सङ्गठनका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने,

२. आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी कमिटीको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने,

३. आफ्ना कामको प्रतिवेदन प्रदेश परिषद् र प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने र प्रदेश कमिटीलाई जानाकारी दिने ।

४. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

## अध्याय छ

## स्थानीय निकायहरू

### धारा- ४०. पार्टीका स्थानीय कमिटीहरू

(क) पार्टीका स्थानीय कमिटीहरू देहाय बमोजिम हुनेछन् -

१. जिल्ला/विशेष जिल्ला अधिवेशन,

२. जिल्ला/विशेष जिल्ला परिषद्,

३. जिल्ला कमिटी/विशेष जिल्ला कमिटी

४. प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटी,

५. प्रदेस सभा निर्वाचन क्षेत्र समन्वय कमिटी,

६. महानगर/उपमहानगर/नगर अधिवेशन,

७. महानगर/उपमहानगर/नगर परिषद्

८. महानगर/उपमहानगर/नगर कमिटी,

९. गाउँ अधिवेशन,

१०. गाउँ परिषद्

११. गाउँ कमिटी,

१२. वडा अधिवेशन

१३. वडा परिषद्

१४. वडा कमिटी,

१५. प्रारम्भीक परिषद

१६. प्रारम्भिक कमिटी

### धारा-४१ स्थानीय अधिवेशनहरू

(क) धारा ४० मा उल्लेखित ४ र ५ बाहेकका सबै स्थानीय कमिटीहरूले आफ्नो तहको अधिवेशन आयोजना गर्नेछन् ।

(ख) जिल्ला अधिवेशन प्रत्येक चार वर्षमा, महानगर/उपमहानगर/नगर/गाउँ अधिवेशन प्रत्येक तीन वर्षमा, वडा अधिवेशन प्रत्येक दुई वर्षमा र प्रारम्भिक अधिवेशन प्रत्येक वर्ष गरिनेछ ।

(ग) स्थानीय अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :

१. सम्बन्धित कमिटीका पदाधिकारी एवम् सदस्यहरू,

२. सम्बन्धित कमिटीले निर्धारण गरे बमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित प्रतिनिधिहरू,

३. उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल संख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित कमिटिबाट मनोनित प्रतिनिधिहरू ।

(घ) स्थानीय अधिवेशनका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र अन्य आवश्यक संयन्त्रहरू गठन गर्ने,

२. अधिवेशन सञ्चालन प्रकृया तय गर्ने ।

३. सम्बन्धित कमिटीको तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

४ आफ्नो तहको परिषद्का सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा-४२ स्थानीय परिषद्हरू**

(क) धारा ४० मा उल्लेखित सबै स्थानीय परिषद्हरू आफ्नो तहको अधिवेशनबाट निर्बाचित हुने छन् ।

(ख) स्थानीय परिषद्को सदस्य संख्या सम्बन्धित तहको अधिवेशनले निर्धारण गरे अनुसार हुनेछ ।

(ग) स्थानीय परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. आफ्नो तहको कमिटीबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. आफ्नो तहको कमिटीबाटका पदाधिकारी र सदस्यहरूको निर्बाचन गर्ने ।

३. आफ्नो तहको कमिटीबाटका पदाधिकारी र सदस्यहरूको आबश्यक हेरफेर र पदपूर्ति गर्ने ।

**धारा-४३ स्थानीय कमिटीहरू**

(क) धारा ४० (क) ४ र ५ मा उल्लेखित समन्वय कमिटीबाहेक सबै स्थानीय कमिटीहरू आफ्नो तहको परिषद्बाट निर्वाचित हुनेछन् ।

(ख) सबै स्थानीय कमिटीमा अध्यक्ष, उपाध्यक्ष, सचिव, उप-सचिव र सदस्यहरू रहनेछन् ।

(ग) स्थानीय कमिटीहरूको कुल सदस्य सङ्ख्यन निम्नानुसार हुने छ :

१. एक मात्र प्रतिनिधिसभा निर्वान क्षेत्र भएको जिल्लाको जिल्ला कमिटी ७५ र एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा एक निर्वाचन क्षेत्र बराबर १ सदस्य थप्न सकिने छ ।

२. महानगर कमिटी बढीमा ७५,

३. उपमहानगर कमिटी बढीमा ६१,

४. नगर कमिटी बढीमा ५१,

५. गाउँ कमिटी बढीमा ५१,

६. महानगर, उपमहानगर र नगरका वडा कमिटी बढीमा ३१,

७. गाउँका वडा कमिटी बढीमा २५,

८. प्रारम्भिक कमिटी बढीमा १५,

(घ) स्थानीय परिषद्बाट निर्वाचित स्थानीय कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. कमिटीको कुल सदस्य संख्याको एकतिहाइभन्दा बढी नहुने सचिवालय गठन गर्ने,

२. कमिटीका सदस्यहरूको वरियता तोक्ने र कार्य विभाजन गर्ने,

३. नियमित रूपमा बैठक बसी आफ्नो कार्यक्षेत्रको समग्र पार्टी कामको योजना निर्माण गर्ने र त्यसको कार्यान्वयन गर्ने गराउने,

४. आफ्नो कार्यक्षेत्रको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वायन, अनुगमन र मूल्याङ्कन गर्ने,

५. पार्टी दस्तावेज तथा अन्य सामग्रीहरूको प्रकाशन र बिक्री-वितरण गर्ने,

६. आफ्नो कमिटी र मातहतका नेता कार्यकताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कूल र प्रशिक्षण सञ्चालन गर्ने,

७. स्थानीय तहमा निर्वाचित पार्टी नेता तथा कार्यकर्तालाई राजनैतिक नेतृत्व प्रदान गर्ने, उनीहरूलाई पार्टीको नीति निर्देशन एवम् आवश्यक प्रशिक्षण दिने र जनताको हितमा परिचालित गर्ने,

८. आफ्नो मातहतका सवै कमिटी, पार्टी सदस्यहरू तथा पार्टीबाट स्थानीय तह र विभिन्न राजनीतिक नियुक्ति प्राप्त सदस्यहरूलाई लेवी एवम् शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने ।

९. अनुशासनात्मक कारवाहीमा परी कुनै कमिटी बिघटन भएको वा कार्यकाल समाप्त भएको अवस्थामा सङ्गठन कमिटी निर्माण गर्नको लागि माथिल्लो कमिटी समक्ष शिफारिस गर्ने र स्वीकृत भएपश्चात कार्यान्वयन गर्ने,

१०. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

११. आफ्नो कुल संख्याको ५० प्रतिसतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद र जेष्ठ कम्युनिष्ट मञ्च गठन गरी अधिकार र कर्तव्य तोक्ने ।

१२. आफ्नो तहका जन सङ्गठनहरूलाई राजनैतिक नेतृत्व प्रदान गर्ने,

१३. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

१४. आफ्ना कामहरूको प्रतिवेदन र आर्थिक दायित्व नियमित रूपमा माथिल्लो कमिटीमा पठाउने,

१५. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

(ङ) स्थानीय कमिटीको अध्यक्षका अधिकार र कर्तव्यः

१. आफ्नो तहको परिषद् र कमिटीका बैठकको अध्यक्षता गर्ने,

२. कमिटीलाई समग्र काममा नेतृत्व गर्ने,

३. कमिटी र परिषद्को बैठकमा र अधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने,

४. आफ्नो अधिवेशन, परिषद् र कमिटीका निर्णय कार्यान्वयन गर्ने गराउने,

५. कमिटीका समग्र कामको अनुगमन गर्ने,

६. कमिटीको आय-व्ययको लेखा राख्न लगाउने,

७. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(च) स्थानीय कमिटीको उपाध्यक्षका अधिकार र कर्तव्यः

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने,

२. अध्यक्षले प्रत्यायोजित गरेका काम गर्ने,

३. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(छ) स्थानीय कमिटीको सचिवका अधिकार र कर्तव्य–

१. अध्यक्षको निर्देशनमा आफ्नो तहको परिषद् र कमिटीको बैठक बोलाउने र सञ्चालन गर्ने,

२. कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने,

३. कार्यालय सञ्चालन गर्ने तथा साङ्गठनिक अभिलेख राख्ने,

४. साङ्गठनिक कामको अनुगमन गर्ने,

५. परिषद् तथा कमिटीको बैठकमा र अधिवेशनमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

६. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(ज) स्थानीय कमिटीको उपसचिवका अधिकार र कर्तव्य–

१. सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने,

२. सचिवले प्रत्यायोजित गरेका काम गर्ने,

३. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(झ) एकभन्दा वढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाका प्रत्येक प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी र प्रदेशसभा निर्वाचन क्षेत्रमा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी रहने छन् ।

(ञ) प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीमा देहायका पदाधिकारी र सदस्यहरू रहने छन् :

१. जिल्ला कमिटीले जिल्ला कमिटी सदस्यमध्येबाट तोकेको संयोजक र सचिव,

२. सम्वन्धित निर्वाचन क्षेत्रमा कार्यक्षेत्र भएका जिल्ला कमिटी सदस्यहरू,

३. सम्वन्धित निर्वाचन क्षेत्र अन्तर्गतका महानगर, उपमहानगर, नगर र गाउँ कमिटीका पदाधिकारीहरू,

४. पार्टी सदस्य रहेका र निर्वाचन क्षेत्रभन्दा माथिल्लो कमिटीमा नरहेका सम्वन्धित निर्वाचन क्षेत्रका सांसद, (पार्टी सदस्य नरहेका सांसद भए उनलाई क्षेत्रको विकास निर्माण सम्वन्धी विषयमा छलफल हुने बैठकमा आमन्त्रण गर्न सकिनेछ,)

५. उपधारा (घ) १ देखि ४ बमोजिमका सदस्यहरूको कुल संख्याको २० प्रतिसतभन्दा बढी नहुनेगरी सम्वन्धित जिल्ला कमिटीबाट मनोनित सदस्यहरू,

(ट) प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय कमिटीमा देहायका पदाधिकारी र सदस्यहरू रहनेछन्-

१. जिल्ला कमिटीले जिल्ला कमिटी सदस्यमध्येबाट तोकेको संयोजक र सचिव,

२. सम्वन्धित निर्वाचन क्षेत्रमा कार्यक्षेत्र भएका जिल्ला कमिटी सदस्यहरू,

३. सम्वन्धित निर्वाचन क्षेत्र अन्तर्गतका महानगर, उपमहानगर, नगर र गाउँ कमिटीका पदाधिकारीहरू,

४. सम्वन्धित निर्वाचन क्षेत्र अन्तर्गतका महानगर र उपमहानगर, नगर र गाउँका वडा कमिटी अध्यक्षहरू ।

५. पार्टी सदस्य रहेका र प्रदेश निर्वाचन क्षेत्रभन्दा माथिल्लो कमिटीमा नरहेका सम्वन्धित निर्वाचन क्षेत्रका सांसद, (पार्टी सदस्य नरहेका सांसद भए उनलाई क्षेत्रको विकास निर्माण सम्वन्धी विषयमा छलफल हुने बैठकमा आमन्त्रण गर्न सकिनेछ,)

६. सम्वन्धित निर्वाचन क्षेत्र अन्तर्गतका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका सङ्गठित सदस्यता प्राप्त गरेका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष र वडाध्यक्षहरू,

७. उपधारा (ङ) १ देखि ६ बमोजिमका सदस्यहरूको कुल संख्याको २० प्रतिसतभन्दा बढी नहुनेगरी सम्वन्धित जिल्ला कमिटीबाट मनोनित सदस्यहरू,

(ठ) प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. आफ्नो क्षेत्रको पार्टी कामको समन्वय र संयोजन गर्ने,

२. नियमित रूपमा बैठक बसी कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

३. आफ्नो क्षेत्रको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

४. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

५. पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

६. कमिटी र सदस्यहरूको क्षमता बृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

७. तोकिएका अन्य काम गर्ने ।

**धारा- ४४ सङ्गठन कमिटी** :

(क) निर्वाचित कमिटी नभएको ठाउँमा र निर्वाचित कमिटीको अवधि समाप्त भएको अवस्थामा माथिल्लो कमिटीको मनोनयनद्वारा सङ्गठन कमिटी निर्माण गरिनेछ र त्यस्तो निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ ।

(ख) विशेष अवस्थामा केन्द्रीय कमिटीले विशेष निर्णय गरेर आफ्नो मातहतको कुनैपनि तहमा सङ्गठन कमिटी निर्माण गर्न सक्नेछ ।

(ग) निर्वाचित कमिटी नबनेसम्म सङ्गठन कमिटीले निर्वाचित कमिटीका अधिकार प्रयोग गरी काम गर्नेछ ।

(घ) सङ्गठन कमिटीको मुख्य काम तोकिएको समयभित्र आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

**धारा-४५ संक्रमणकालीन पार्टी संगठन :**

(क) पार्टी कमिटी वा संगठन कमिटी निर्माण गर्न तोकिए बमोजिमको मापदण्ड पूरा नभएको अवस्थामा माथिल्लो कमिटीको मनोनयनद्वारा वा माथिल्लो कमिटीको योजनामा गरिएको भेलाद्वारा पार्टी सक्रिय दल वा सक्रिय दल जस्ता संक्रमणकालीन संगठन निर्माण गरिनेछ। यस्ता पार्टी संगठनहरूमा पार्टी सदस्य र समर्थकहरू रहन सक्नेछन् । यसका अधिकार र कर्तव्यहरू तोकिए बमोजिम हुनेछन् ।

## अध्याय सात

## विभाग, संयन्त्र र कार्यदल

**धारा- ४६. विभाग**

(क) पार्टी केन्द्र, प्रदेश र स्थानीय तहमा तोकिए बमोजिमका विभागहरू रहनेछन् ।

(ख). हरेक पार्टी कमिटीले आफ्नो तहमा प्रमुख, सचिव र सदस्यहरू रहेको विभाग गठन गर्नेछन् ।

(ग) विभाग अन्तर्गत आवश्यकता अनुसार विभिन्न विषयगत शाखा गठन गर्न सकिनेछ ।

(घ) विभागका अधिकार र कर्तव्य तोकिए बमोजिम हुनेछन् ।

**धारा-४७. पार्टी संयन्त्र**

(क) पार्टीले प्रत्यक्ष रूपमा नेतृत्व गर्न नमिल्ले र कुनै जन सङ्गठनसँग मिल्दो प्रकृति पनि नभएका विभिन्न पेशागत, सामुदायीक तथा सरोकारवाला संघ, सङ्गठन तथा संस्थाहरूमा पार्टी काम गर्न सम्वन्धित तहको पार्टी कमिटीले उपयुक्त पार्टी संयन्त्र गठन गर्नेछ ।

(ख) पार्टीको उपस्थिति रहेको स्थानीय तहमा पार्टीको नीति, नेतृत्व र निर्णय लागू गरी तिनीहरूलाई प्रभावकारी र परिणाममुखी बनाउन सम्बन्धित तहको पार्टी कमिटीले स्थानीय तह पार्टी संयन्त्र गठन गर्नेछ ।

(ग) पार्टी संयन्त्रमा सम्बन्धित पार्टी कमिटीबाट तोकिएका प्रमुख, सचिव तथा सदस्यहरू समेत केन्द्रमा बढीमा ११, प्रदेश तहमा ९ र स्थानीय तहमा ७ जना रहनेछन् ।

(घ) पार्टी संयन्त्रमा सामान्यतः सङ्गठित तथा साधारण सदस्य रहेका सम्बन्धित सङ्गठनका पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(ङ) पार्टी संयन्त्र सम्बन्धित कमिटीले आवश्यक ठानेको अवधिसम्म सञ्चालित हुनेछ । जुन सङ्गठन वा संस्थामा पार्टी संयन्त्र गठन गरिएको हुन्छ त्यो सङ्गठन वा संस्था बिघटित भएमा वा त्यसको कार्यकाल समाप्त भएमा पार्टी संयन्त्रको कार्यकाल पनि स्वतः समाप्त हुनेछ ।

(च) पार्टी संयन्त्रका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. आफूसित सम्बन्धित पेशागत, सामुदायिक, जनप्रतिनिधिमूलक र सरोकारवाला संघ संस्थालाई पार्टीको नीति, निर्णय र निर्देशन अनुरूप सञ्चालन गर्ने,

२. सम्बन्धित पार्टी कमिटीको निर्णय र निर्देशनलाई बिनाशर्त पालना गर्ने,

३. सम्बन्धित पार्टी कमिटीप्रति उत्तरदायी रहने र नियमित रूपमा आफ्ना कामको प्रतिवेदन पेश गर्ने,

४. सम्बन्धित पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

(छ) पार्टी संयन्त्रको सञ्चालन विधि संयन्त्र गठन गर्ने कमिटीले तोके बमोजिम हुनेछन् ।

**धारा- ४८. कार्यदल**

(क) कुनै पनि पार्टी कमिटीले विशेष प्रयोजनको निम्ति आफ्नो तहमा विभिन्न कार्यदल गठन गर्न सक्नेछ ।

(ख) कार्यदलमा प्रमुख र सदस्यहरू रहनेछन् ।

(ग) कार्यदलका अधिकार, कर्तव्य र कार्यकाल कार्यदल गठन गर्ने कमिटीले तोके बमोजिम हुनेछन् ।

## अध्याय आठ

## पदाधिकारी तथा सदस्यको योग्यता

**धारा- ४९. केन्द्रीय निकाय तथा विभागका पदाधिकारी र सदस्यको योग्यता**

(क) राष्ट्रिय महाधिवेशनको प्रतिनिधि चुनिनका लागि महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिले सङ्गठित सदस्य भई ७ वर्ष र अन्यले कम्तिमा १० वर्ष काम गरेको हुनु पर्नेछ ।

(ख) केन्द्रीय पदाधिकारी र स्थायी कमिटी सदस्य हुन एक कार्यकाल पोलिटव्युरो सदस्य भएको र पोलिटव्युरो सदस्य हुन कम्तिमा १ कार्यकाल केन्द्रीय कमिटीको पूर्ण सदस्य भएको हुनुपर्नेछ ।

(ग) केन्द्रीय कमिटीको सदस्य हुन देहायको योग्यता हुनु पर्नेछ :

१. केन्द्रीय कमिटी वा केन्द्रीय निकायको सदस्य भई काम गरेको वा,

२. सङ्गठित सदस्य भई कम्तिमा १२ वर्ष काम गरेको र प्रदेश कमिटीको सदस्य भई एक कार्यकाल वा जिल्ला कमिटीको सदस्य भई २ कार्यकाल काम गरेको हुनुपर्नेछ ।

३. महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने सङ्गठित सदस्य भई ९ वर्ष काम गरेको र कम्तिमा १ कार्यकाल जिल्ला कमिटीमा रहेर काम गरेको भए पुग्नेछ ।

४. माथिको योग्यता पूरा गर्नुपर्ने कुनै ब्यक्ति राजनीतिक कारणले जेल परेमा जेल बसाईंको_अवधिलाई पनि राजनीतिक निरन्तरतामा गणना गरिनेछ ।

(घ) केन्द्रीय आयोगको सदस्य हुन धारा ४९ (ग) को योग्यता पुगेको हुनुपर्नेछ ।

(ङ) केन्द्रीय आयोगको अध्यक्ष हुन धारा ४९ (ख) को योग्यता पुगेको हुनुपर्नेछ ।

(च) केन्द्रीय सल्लाहकार परिषद्को सदस्य हुन देहायको योग्यता हुनु पर्नेछ -

१. केन्द्रीय कमिटी वा केन्द्रीय निकायको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

२. सङ्गठित सदस्य भई कम्तिमा १० वर्ष काम गरेको र दर्शनशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, परराष्ट्र मामिला, कानून र विज्ञान प्रविधि आदि विषयको विज्ञ ।

३. अध्यक्ष हुन पोलिटव्यूरो सदस्यको योग्यता पुगेको हुनुपर्नेछ ।

(छ) राष्ट्रिय परिषदको सदस्य हुन जिल्ला कमिटीका अध्यक्षको सरह योग्यता हुनुपर्नेछ ।

(ज) विभागीय सदस्य हुन देहाय बमोजिको योग्यता हुनु पर्नेछ

१. एक तह तल्लो कार्यकारी कमिटीको सदस्य भई काम गरेको वा

२. सम्बन्धित विषयको विज्ञ संगठित सदस्य

**धारा- ५०. प्रदेश कमिटीका पदाधिकारी र सदस्यको योग्यता**

(क) प्रदेश अधिवेशनको प्रतिनिधि हुन सङ्गठित सदस्य भई कम्तिमा ६ वर्ष पार्टी काम गरेको हुनुपर्नेछ ।

(ख) प्रदेश कमिटीको पदाधिकारी र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछ -

१. प्रदेश कमिटी कमिटीको सदस्य भई काम गरेको वा सङ्गठित सदस्य भई ८ वर्ष पार्टी काम गरेको र जिल्ला कमिटीमा रही दुई कार्यकाल काम गरेको ।

२. महिला, दलित र सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने सङ्गठित सदस्य भई ६ बर्ष काम गरी कम्तिमा १ कार्यकाल जिल्ला कमिटीमा रही काम गरेको भए पुग्ने छ ।

(ग) प्रदेश कमिटीको पदाधिकारी र सचिवालय सदस्य हुन प्रदेश कमिटीमा रही एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

(घ) प्रदेश परिषद् सदस्य हुन जिल्ला कमिटीका पदाधिकारी सरहको योग्यता हुनुपर्नेछ ।

**धारा- ५१. प्रदेश आयोगका पदाधिकारी र सदस्यको योग्यता**

(क) प्रदेश आयोगकोसदस्य हुन धारा ५० (ख) को योग्यता भएको हुनु पर्नेछ ।

(ख) प्रदेश आयोगको अध्यक्ष हुन धारा ५० (ग) को योग्यता पुगेको हुनु पर्नेछ -

**धारा- ५२. स्थानीय कमिटी पदाधिकारी तथा सदस्यको योग्यता**

(क) जिल्ला अधिवेशनको प्रतिनिधि निर्वाचनत हुन पार्टी सदस्य भई ४ बर्ष काम गरेको हुनुपर्नेछ । महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा सङ्गठित सदस्य भई ३ बर्ष काम गरेको भए हुनेछ ।

(ख) जिल्ला कमिटीको सदस्य हुन देहायको योग्यता पुगेको हुनुपर्नेछ-

१. जिल्ला कमिटीको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

२. पार्टी सदस्य भई ६ वर्ष काम गरेको र निर्वाचन क्षेत्रीय कमिटी वा इलाका स्तरीय कमिटीमा कम्तिमा ३ वर्ष काम गरेको,

३. महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा सङ्गठित सदस्य भई ४ बर्ष काम गरेको र मातहत कमिटीमा १ कार्यकाल काम गरेको भए पुग्नेछ ।

४. जिल्ला कमिटीको पदाधिकारी र सचिवालय सदस्य हुन १ कार्यकाल जिल्ला कमिटीमा काम गरेको ।

(ग) अन्य स्तरका कमिटीका पदाधिकारी र सदस्यको योग्यता तोकिए बमोजिम हुनेछ ।

## अध्याय नौ

## निर्वाचन, मनोनयन, सपथ ग्रहण, कार्यकाल, पद रिक्तता र पदपूर्ति

### धारा- ५३. निर्वाचन

(क) पार्टी केन्द्रीय कमिटी र केन्द्रीय आयोगका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन राष्ट्रिय परिषद्को बैठकले निर्णण गरे बमोजिम हुनेछ ।

(ख) प्रदेश कमिटी र प्रदेश आयोगका पदाधिकारी एवम् सदस्यहरूको र पार्टी सम्बद्ध जन सङ्गठनका केन्द्रीय पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले गराउनेछ ।

(ग) पार्टीका जिल्ला तथा नगर र गाउँ कमिटीका पदाधिकारी एवम् सदस्यहरूको र पार्टी सम्बद्ध जन सङ्गठनका प्रदेश तथा जिल्ला पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन प्रदेश निर्वाचन आयोगले गराउनेछ ।

### धारा- ५४. निर्वाचन विधि

(क) सबै तहका पार्टी कमिटी, र अधिवेशनका प्रतिनिधिहरूको निर्वाचनका लागि आम रूपमा भूगोल, खुल्ला र समावेशी गरी तीन क्षेत्र तोकिनेछन् ।

(ख). सबै तहका निर्वाचित पार्टी कमिटीहरू स्थानीय विशेषता अनुरूप समावेशी चरित्रका हुनेछन् र तीनमा न्यूनतम ३३ प्रतिशत महिला सदस्य रहनेछन् ।

(ग) महिला प्रतिनिधित्वको स्वरूप पनि समावेशी चरित्रको हुनुपर्नेछ। न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खाली रहनेछ ।

(घ) पार्टी कमिटीहरूमा स्थानीय विशेषता अनुरूप श्रमिक, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको यथासम्भव समावेशी प्रतिनिधत्व हुनेछ ।

(ङ) समावेशीताको आधार सामान्यतया सम्वन्धित वर्ग वा समुदायको सङ्गठित सदस्य संख्यालाई बनाइने छ ।

### धारा- ५५. मनोनयन

(क) महाधिबेशन तथा विभिन्न तहका अधिवेशनका लागि निर्वाचित प्रतिनिधिहरूको ५ प्रतिशतमा नबढ्ने गरी सम्बन्धित कमिटीले प्रतिनिधिहरू मनोनयन गर्न सक्नेछ ।

(ख) सबै तहका निर्वाचित पार्टी कमिटीहरूले आफ्नो कमिटीका निर्वाचित सदस्यहरूको कूल संख्याको १० प्रतिशत भन्दा बढी नहुनेगरी आफ्नो कमिटीमा सदस्य मनोनित गर्न सक्नेछन् ।

(ग) केन्द्रीय आयोगहरूले आफ्नो आयोगमा निर्वाचित सदस्यहरूको कूल संख्याको २० प्रतिशतसम्म सदस्य मनोनित गर्न सक्नेछन् ।

(घ) समन्वय कमिटी गठन गर्ने कमिटीले उक्त समन्वय कमिटीका कुल सदस्य संख्याको २० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

(ङ) केन्द्रीय कमिटीले एकता र एकीकरण प्रक्रियालाई अघि बढाउन आवश्यकताअनुरूप कूल निर्वाचित सदस्य संख्याको १० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

**धारा- ५६. शपथ ग्रहण**

(क) देहायका व्यक्तिहरूले अनुसूचि (९) बमोजिमको शपथ ग्रहण गर्नुपर्नेछ :

१. साधारण र सङ्गठित  सदस्यता प्राप्त गर्ने व्यक्ति,

२. पार्टी कमिटी, आयोग र परिषदमा निर्वाचित वा मनोनित पदाधिकारी र सदस्य ।

(ख) सपथ ग्रहण गर्ने व्यक्तिले सपथ पत्रमा हस्ताक्षर गरी सम्बन्धित कमिटीमा बुझाउनु पर्नेछ ।

**धारा- ५६. वैकल्पिक सदस्यका अधिकार र कर्तव्य तथा वरियताक्रम**

(क) हरेक निर्वाचित कमिटीमा कुल सदस्य संख्याको वढीमा २५ प्रतिसत वैकल्पिक सदस्य रहने छन् ।

(ख) वैकल्पिक सदस्यलाई कमिटीको निर्णय प्रकृयामा मतदान गर्ने र चुन्ने, चुनिनेबाहेक अन्य सम्पूर्ण अधिकार र कर्तव्य कमिटीका पूर्ण सदस्यसरह हुनेछ ।

(ग) कमिटीका कुनै पूर्ण सदस्यको अनुपस्थितिमा वैकल्पिक सदस्यले वरियताक्रमानुसार मताधिकार प्रयोग गर्न सक्नेछन् ।

(घ) वैकल्पिक सदस्यको वरियताक्रम सम्वन्धित कमिटीले तोकेबमोजिम हुनेछ ।

**धारा- ५७. कार्यकाल**

(क) केन्द्रीय कमिटी र प्रदेश कमिटीको ५ वर्ष, जिल्ला कमिटीको ४ वर्ष, नगर र गाउँ कमिटीको ३ वर्ष र वडा कमिटीको ३ वर्ष र प्रारम्भिक कमिटीको १ वर्षको कार्यकाल हुनेछ ।

(ख) केन्द्रदेखि जिल्ला तहसम्मका पदाधिकारी एउटा पदमा दुई कार्यकालभन्दा बढी रहने छैनन् ।

(ग) कुनै पनि तहको आरक्षित पदमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी रहन पाउने छैनन् ।

**धारा- ५८. राजीनामा**

(क) कुनै पनि निर्वाचित कमिटी र आयोगका पदाधिकारी वा सदस्यले पदबाट राजीनामा दिन चाहेमा अध्यक्षवाहेक अन्य पदाधिकारी र सदस्यले आफ्नो अध्यक्ष समक्ष र अध्यक्षले उपाध्यक्ष वा सचिवसमक्ष राजीनामा पेश गर्नेछन् ।

(ख) उपधारा (क) बमोजिम आएको राजीनामा स्वीकृत गर्ने नगर्ने निर्णय सम्वन्धित कमिटी वा आयोगको बैठकले गर्नेछ ।

(ग) कुनै पनि तहको सल्लाहकार परिषद्का पदाधिकारी वा सदस्यको पदबाट राजीनामा दिन चाहेमा अध्यक्षवाहेक अन्य पदाधिकारी र सदस्यले आफ्नो अध्यक्ष समक्ष र अध्यक्षले उपाध्यक्ष वा सचिवसमक्ष राजीनामा पेश गर्नेछन् र सम्वन्धित परिषद्ले राजीनामा स्वीकृत गर्ने नगर्ने निर्णय गर्नेछ ।

(घ) समन्वय कमिटीका मनोनित सदस्य र विभागका प्रमुख तथा उपप्रमुखले पदबाट राजीनामा दिन चाहेमा आफूलाई मनोनित गर्ने कमिटीका अध्यक्षसमक्ष राजीनामा पेश गर्नेछन् र सम्वन्धित कमिटीले राजीनामा स्वीकृत गर्ने नगर्ने निर्णय गर्नेछ ।

(ङ) विभागका सदस्यले पदबाट राजीनामा दिन चाहेमा विभाग प्रमुखसमक्ष राजीनामा पेश गर्नेछन् र सम्वन्धित विभागले राजीनामा स्वीकृत गर्ने नगर्ने निर्णय गर्नेछ ।

(च) संयन्त्र र कार्यदलका पदाधिकारी तथा सदस्यले पदबाट राजीनामा दिन चाहेमा आफूलाई मनोनित वा नियुक्त गर्ने कमिटीका अध्यक्षसमक्ष पेश गर्नेछन् र सम्वन्धित कमिटीले राजीनामा स्वीकृत गर्ने नगर्ने निर्णय गर्नेछ ।

**धारा- ५९. पद रिक्तता**

(क) देहायको अवस्थामा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ-

१. पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

२. पार्टी परित्याग गरेमा,

३. अनुशासनत्मक कारवाहीमा परी पदबाट निस्काशित भएमा,

४. विभाग, कार्यदल, संयन्त्र आदिमा रहेका व्यक्तिलाई सम्बन्धित पार्टी कमिटीले जिम्मेवारीबाट हटाएमा,

५. विना उचित कारण र विना सूचना लगातार ३ पटकसम्म कमिटीको बैठकमा अनुपस्थित भएमा,

६. कुनै कमिटी पदाधिकारी वा सदस्यमा निर्वाचित व्यक्तिको तोकिएको योग्यता नपुगेको प्रमाणित भएमा ।

७. मृत्यु भएमा ।

**धारा- ६०. पदपूर्ति,**

(क) धारा ५९ (क) बमोजिम पार्टीको कुनै पनि कमिटी वा आयोगका पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित परिषद्ले पूर्ति गर्ने छ ।

(ख) कुनैपनि मनोनित सदस्य, सल्लाहकार परिपद्का पदाधिकारी एवम् सदस्य र विभाग, संयन्त्र तथा कार्यदलका सदस्यको पद रिक्त भएमा सम्बन्धित कमिटीको सामान्य बहुमतले पूर्ति गर्नेछ ।

## अध्याय दस

## कार्यविभाजन, जिम्मेवारी पालना र अनुगमन तथा मूल्याङ्कन

**धारा-६१. कार्यविभाजन**

(क) हरेक कमिटीले एक व्यक्ति एक मुख्य जिम्मेवारीको सिद्धान्त अवलम्वन गरी आफ्नो कमिटीका सवै पदाधिकारी र सदस्यलाई एउटा मुख्य जिम्मेवारी र आवश्यकतानुसार थप सहायक जिम्मेवारी तोक्नु पर्नेछ ।

(ख) कार्य विभाजन गर्दा कमिटीको ६० प्रतिसत जनशक्ति भूगोलको पार्टी काममा, २० प्रतिसत विभागीय काममा र २० प्रतिसत जन संगठनमा विन्यास गर्ने गरी गरिनेछ ।

(ग) प्रदेश सरकार र स्थानीय तहको मुख्य कार्यकारी पदमा रहेका व्यक्तिले पार्टी कमिटीको मुख्य कार्यकारी जिम्मेवारी लिनेछैनन् ।

**धारा- ६२. एकभन्दा बढी कार्यकारी कमिटीको पदाधिकारीमा नरहने**

(क) कुनै पनि व्यक्ति एकैपटक पार्टीको एकभन्दा बढी कार्यकारी कमिटीको पदाधिकारीमा रहने छैनन् ।

(ख) माथिल्लो कमिटीको सदस्य एक तह तल्लो कमिटीको पदाधिकारीमा रहन सक्ने छन् ।

(ग) माथिल्लो तहको परिषद्‌को सदस्य एक तह तल्लो कमिटीको सदस्य र अर्को एक तह तल्लो कमिटीको पदाधिकारीमा रहन सक्ने छन् ।

**धारा- ६३.अनुगमन तथा मूल्याङ्कन**

(क) प्रत्येक कमिटीले निश्चित विधि अबलम्बन गरी आफ्नो र मातहत कमिटीका पदाधिकारी एवम् सदस्यहरूका कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

(ख) प्रत्येक कमिटीले आफ्नो कमिटी र मातहतका कमिटीबाट सरकार, संसद र स्थानीय तहमा गएका र राजनीतिक नियुक्ति प्राप्त गरेका पदाधिकारी एवम् सदस्यहरूका कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

## अध्याय एघार

## जन सङ्गठन, मोर्चा, सम्पर्क मञ्च र प्रबासको पार्टी काम

**धारा- ६४. जन सङ्गठन तथा मोर्चा**

(क) पार्टी सम्बद्ध जन सङ्गठनहरू देहाय बमोजिम हुनेछन्-

१. जनवर्गीय सङ्गठन

२. पेशागत सङ्गठन

३. सामुदायिक तथा सामाजिक सङ्गठन

(ख) पार्टी सम्बद्ध जन सङ्गठनहरू पार्टीको राजनैतिक नेतृत्व र आफ्नो विधान अनुरूप सञ्चालित हुनेछन् ।

(ग) जन सङ्गठनका पदाधिकारी र सदस्यहरूको पार्टी हैशियत तोकिए बमोजिम हुनेछ ।

(घ) जन सङ्गठनहरूलाई समन्वयात्मक ढङ्गले सञ्चालन गर्न जन सङ्गठनका नेताहरू सम्मिलित एक मोर्चा निर्माण गरिनेछ ।

(ङ) मोर्चामा सम्बन्धित तहको पार्टी कमिटीले तोकेका संयोजक र सहसंयोजक तथा मोर्चामा आबद्ध जन सङ्गठनका अध्यक्ष र पार्टी इन्चार्जहरू सदस्य रहनेछन् ।

(च) मोर्चाका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. मोर्चामा आबद्ध जन सङ्गठनहरूलाई पार्टीको तर्फबाट राजनीतिक नेतृत्व प्रदान गर्ने,

२. मोर्चामा आवद्ध जन सङ्गठनहरूवीच समन्वय कायम गर्ने,

३. मोर्चामा आवद्ध जन सङ्गठनहरूलाई साझा हितका बिषयहरूमा सामुहिक र समन्वयात्मक ढङ्गले परिचालित गर्ने,

४. सम्बन्धित तहको पार्टी कमिटी समक्ष आफ्ना कामको प्रतिवेदन पेश गर्ने ।

(छ) मोर्चाको सञ्चालन विधि मोर्चा सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

**धारा- ६५. सम्पर्क मञ्च**

(क) विभिन्न जिल्लाबाट काठमाण्डु उपत्यकामा आई अस्थायी बसोबास गर्ने पार्टीका सदस्य र समर्थकहरूबीच पार्टी काम गर्न सम्पर्क मञ्चहरू गठन गरिनेछ ।

(ख) सम्पर्क मञ्चको ढाँचा, पार्टी हैसियत, अधिकार र कर्तव्य तथा सञ्चालन विधि सम्पर्क मञ्च सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

**धारा- ६६. प्रवासको पार्टी काम**

(क) विभिन्न मुलुकमा छरिएर रहेका प्रवासी नेपालीहरूमाझ पार्टी काम पुऱ्याउन प्रवासी नेपाली सङ्घ वा प्रवासी नेपाली मञ्च जस्ता सङ्गठन निर्माण गरिने छ ।

(ख) प्रवासी नेपाली सङ्घ वा मञ्च पार्टीले संयन्त्रमार्फत प्रदान गर्ने राजनैतिक नेतृत्व र आफ्नो विधान अनुरूप चल्नेछन् ।

(ग) प्रवासी नेपाली सङ्घ वा मञ्चको ढाँचा, पार्टी हैसियत र सञ्चालन विधि प्रवासको पार्टी काम सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

## अध्याय बाह्र

## संसद र स्थानीय तह

**धारा- ६७. संसद र स्थानीय तह कामका क्षेत्र हुने**

(क) सघीय संसद, प्रदेश संसद र स्थानीय तह पार्टी कामका महत्वपूर्ण क्षेत्र हुनेछन् ।

(ख) पार्टीले संघीय तथा प्रदेश संसदमा संसदीय दल, विभाग र बोर्डमार्फत आफ्नो नीति, नेतृत्व र निर्णय लागू गर्नेछ । स्थानीय तहमा उक्त कार्य स्थानीय तह दलमार्फत गरिनेछ ।

**धारा- ६८. सघीय संसदीय दल**

(क) संघीय संसदीय दलको गठन

१. पार्टीको चुनाव चिन्हमा विजयी सांसदहरू र पछि दलको सदस्यता ग्रहण गरेका सांसदहरू रहने गरी पार्टीको सघीय संसदीय दल गठन हुनेछ ।

२. संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी पार्टी केन्द्रीय कमिटीबाट अनुमोदन गराउने छ र त्यसैका आधारमा कार्य गर्नेछ ।

३. केन्द्रीय कमिटीले पार्टीको कार्यक्रम र नीति अनुरूप संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ ।

४. संसदीय दलका सदस्यरूले पार्टी केन्द्रीय कमिटीले तोकेको जिम्मेवारी पूरा गर्नुपर्ने छ र आफू सम्बद्ध पार्टी कमिटीले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ ।

५. संसदीय दल र सांसदहरू जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति, घोषणा पत्र र निर्णयहरूको पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

६. संसदीय दलका अधिकार र कर्तब्य दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

(ख) दलका पदाधिकारीहरूको चयन

१. संसदीय दलले आफ्नो विधान र नियमावली अनुरूप दलको नेता तथा उपनेताको चयन गर्नेछ ।

२. दलको नेताले प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

(ग) संसदीय बोर्डको गठन

१. पार्टीको तर्फबाट संसदमा गरिने कामलाई प्रभावकारी बनाउन दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र सदस्यहरू रहेको संसदीय बोर्ड गठन गरिनेछ ।

२. दलको नेता बोर्डको प्रमुख हुनेछन् ।

३. संसदीय बोर्डका अधिकार र कर्तब्य दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

**धारा- ६९. प्रदेश संसदीय दल**

(क) प्रदेश संसदीय दलको गठन

१. पार्टीको चुनाव चिन्हमा विजयी बनेका र पछि दलको सदस्यता ग्रहण गरेका प्रदेशसभा सदस्यहरू रहने गरी पार्टीको प्रदेश संसदीय दल गठन हुनेछ ।

२. प्रदेश संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी पार्टीको प्रदेश कमिटीबाट अनुमोदन गराउने छ र त्यसैका आधारमा कार्य गर्नेछ ।

३. प्रदेश कमिटीले पार्टीको कार्यक्रम र नीति अनुरूप प्रदेश संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ ।

४. संसदीय दलका सदस्यरूले पार्टीको प्रदेश कमिटीले तोकेको जिम्मेवारी पूरा गर्नुपर्नेछ र आफू सम्बद्ध पार्टी कमिटीले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ ।

५. प्रदेश संसदीय दल र दलका सदस्यहरू जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीका नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

६. प्रदेश संसदीय दलका अधिकार र कर्तब्य दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

(ख) प्रदेश संसदीय दलका पदाधिकारीहरूको चयन

१. प्रदेश संसदीय दलले आफ्नो विधान तथा नियमावली अनुरूप दलको नेता र उपनेताको चयन गर्नेछ ।

२. दलको नेताले प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

३. प्रदेश संसदीय बोर्डको गठन :

४. पार्टीको तर्फबाट प्रदेशसभामा गरिने कामलाई प्रभावकारी बनाउन दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र सदस्यहरू रहेको प्रदेश संसदीय बोर्डको गठन गरिनेछ । दलको नेता बोर्डको प्रमुख हुनेछन् ।

५. प्रदेश संसदीय बोर्डका अधिकार र कर्तब्य प्रदेश संसदीय दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

**धारा- ७०. स्थानीय तह दल**

१. पार्टीको उपस्थिति रहेको हरेक स्थानीय तहमा सम्बन्धित तहको पार्टी कमिटीले स्थानीय तह दलमार्फत पार्टीको नीति, नेतृत्व र निर्णयहरू लागू गर्नेछ ।

२. उपधारा (१) को प्रयोजनका लागि सम्वन्धित तहको पार्टी कमिटीले पार्टीको चुनाव चिन्हमा विजयी भएका र अन्य दलबाट पार्टीमा प्रवेश गरेका स्थानीय तहका जनप्रतिनिधिहरूलाई समावेस गरी स्थानीय तह दल गठन गर्नेछ

३. स्थानीय तहमा कार्यरत पार्टीका जनप्रतिनिधिहरू जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति, घोषणा पत्र र निर्णयहरूको पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

४. स्थानीय तह दलका अधिकार र कर्तव्य सम्वन्धित पार्टी कमिटीले तोके बमोजिम हुनेछन् ।

## अध्याय तेह्र

## सङ्गठनात्मक सिद्धान्त, पद्धति र अनुशासन

### धारा- ७१. सङ्गठनात्मक सिद्धान्त र पद्धति

पार्टीको सङ्गठनात्मक सिद्धान्त र पद्धति देहाय बमोजिम हुनेछ :

१. पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता अर्थात स्वतन्त्रता र अनुशासनको सिद्धान्त हो । पार्टीको सङ्गठनात्मक जीवनमा व्यक्ति कमिटीको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत, सबै सदस्य तथा कमिटीहरू केन्द्रीय कमिटीको मातहत, केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनको मातहत र महाधिवेशन प्रतिनिधिहरूमार्फत सङ्गठित सदस्यहरूको मातहत हुनेछ ।

२. पार्टीको सार्वभौम अधिकार सङ्गठित सदस्यमा निहीत रहनेछ ।

३. पार्टीको निर्णय प्रकृयामा जनवाद प्रधान र निर्णय कार्यान्वयनमा केन्द्रीयता प्रधान हुनेछ । निर्णय प्रकृयामा मत राख्ने स्वतन्त्रता र निर्णय कार्यान्वयनमा एक रूपता हुनेछ ।

४. जिल्ला कमिटी वा सोभन्दा माथिल्लो कमिटीको निर्णयबाट विशेष काममा खटाइएकाबाहेक सम्पूर्ण सङ्गठित सदस्यहरु पार्टीको कुनै न कुनै कमिटी, आयोग, परिषद्, विभाग, सेल, संयन्त्र, सम्पर्क मञ्च वा पार्टी सम्बद्ध जनवर्गीय सङ्गठनमा सङ्गठित हुनुपर्नेछ ।

५. कुनै पनि मातहत कमिटीले माथिल्लो कमिटीको वा सदस्यले कमिटीको निर्णय र विचारप्रति आफ्नो कमिटीमा मौखिक वा लिखित असहमति प्रकट गर्न पाउने छन् तर हरेक सदस्य वा कमिटीले सम्बन्धित कमिटीको बहुमत र माथिल्लो कमिटीले गरेको निर्णय पालना गर्नुपर्नेछ र बहुमतले अल्पमतको कदर गर्नुपर्नेछ ।

६. सङ्गठित सदस्यले विधानको अधिनमा रही राष्ट्रिय मशाधिवेशन वा अधिवेशन वा आफ्नो कमिटीको बैठकमा मत राख्न पाउने छन् । फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन । फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व निर्वाहा र अनुशासनको पालना गरिरहनु पर्नेछ ।

७. कमिटीको निर्णय पुस्तिकामा औपचारिक रूपले उल्लेख गरिएको वा लिखित रूपमा सम्बन्धित कमिटीमा प्रस्तुत गरिएको मतलाई मात्र फरक मत मानिनेछ । यस्तो मतका सम्बन्धमा छलफलको माग भएमा तोकिएको प्रकृया अनुरूप छलफलमा लान सकिनेछ ।

८. राष्ट्रिय मशाधिवेशनका निर्णय विपरित वा ती निर्णयसँग असहमतिका विषयलाई अर्को राष्ट्रिय मशाधिवेशन वा केन्द्रीय कमिटीले बहस खुला गरेको अवस्थामा तोकिएको प्रक्रियाद्वारा मात्र उठाउन पाइनेछ । त्यस्ता असहमति तोकिएको प्रक्रिया अनुरूप राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्न सकिनेछ ।

### धारा- ७२. अनुशासनको कारवाही

(क) देहायको अवस्था प्रमाणित भएमा कुनै पनि पदाधिकारी, सदस्य र प्रदेश तथा स्थानीय कमिटीमाथि अनुशासनको कारवाही हुनेछ :

१. पार्टीको वैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेको,

२. पार्टीप्रतिको निष्ठा र विश्वास नरहेको,

३. पार्टी निर्णय उल्लंघन गरेको,

४. पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको,

५. पार्टी कमिटीको गोपनीयता भङ्ग गरेको,

६. पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानको विपक्षमा रहेको वा विरोधीसँग साँठगाँठ गरेको,

७. कुनै पनि जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरित उम्मेदवार बनेको, पार्टीको उम्मेदवार विरुद्ध प्रचार गरेको वा पार्टीको उम्मेदवारका विरुद्धमा उठ्ने अन्य कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बनेको वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेको,

८. केन्द्र तथा प्रदेश सरकार, स्थानीय तह र जनप्रतिनिधि संस्था लगायत पार्टीले पठाएको कुनै पनि जिम्मेवारीमा रहँदा पार्टी निर्णय र निर्देशन विपरित कार्य गरेको,

९. नैतिक पतन देखिने फौजदारी कसुर गरेको, भ्रष्ट तथा अनैतिक आचरण गरेको र भ्रष्ट वा अवाञ्छित तत्वसँग साँठगाँठ गरेको तथा राष्ट्रको हित विपरित काम गरेको,

१०. पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेको, झुट्टा विवरण पेस गरेको वा स्रोत खुलाउन नचाहेको,

११. पदीय आचरण वा पार्टी हित विपरित आर्थिक अनुशासनहीनता या पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएको,

१२. छुवाछुत, जातीय भेदभाव, बहुविवाह र लैङ्गिक हिंसाका क्रियाकलाप गरेको,

१३. पार्टीको विधान र नियमावलीमा पार्टी सदस्य वा पार्टी कमिटीहरूले पालन गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लंघन गरेको ।

(ख) अनुशासनात्मक कारवाही र कारवाहीको प्रकृया देहाय बमोजिम हुनेछ :

१. धारा ७२ (क) मा उल्लेखित क्रियाकलाप गरे वापत त्यसको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्वन्धित कमिटीले आलोचना गर्ने वा लिखित रूपमा आत्मालोचना गराउने वा स्पष्टीकरण माग्ने वा चेतावनी दिने वा पद वा सदस्यताबाट निलम्बन गर्ने वा पार्टी सदस्यताबाट निष्काशन गर्नेसम्मको कारवाही गर्न सक्नेछ ।

२. कुनै पनि कमिटी वा सदस्यले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पालना नगरेमा कमिटीको हकमा माथिल्लो कमिटीले बिघटन गर्न सक्नेछ र सदस्यको हकमा सम्बन्धित कमिटीले ठोस आधार तथा कारण खुलाई एक पद घटुवा गर्न सक्नेछ तर त्यस्तो निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि मात्र लागू हुनेछ ।

३. प्रारम्भिक कमिटीदेखि प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटीसम्मलाई अनुशासनको कारवाही गर्ने अधिकार जिल्ला कमिटीलाई हुनेछ तर त्यसको अनुमोदन एक तह माथिल्लो कमिटीबाट गराउनु पर्नेछ ।

४. जिल्ला कमिटीलाई केन्द्रीय कमिटीको अनुमोदनमा प्रदेश कमिटीले कारवाही गर्नेछ र त्यस्तो कारवाही केन्द्रीय कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ । सोभन्दा माथिको कमिटीलाई कारवाही गर्ने अधिकार केन्द्रीय कमिटीलाई हुनेछ ।

५. अनुशासनको कारवाहीस्वरूप निलम्बनमा परी फुकुवा भएको सदस्यले ६ महिनासम्म पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेद्वार हुन पाउने छैनन् ।

६. सङ्गठित सदस्यताबाट निलम्बन गर्ने अधिकतम अवधि दुई बर्षसम्म हुनेछ ।

७. संसदीय दलको सदस्यले पार्टी अनुशासनको उलंघन वा पार्टी निर्णयको अवज्ञा वा पार्टीको हित र प्रष्तिठामा आँच पुऱ्याउने काम गरेमा संसदीय कामसँग सम्बन्धित बिषयमा पार्टी केन्द्रीय कमिटीले र पार्टी कामसँग सम्बन्धित बिषयमा निज सङ्गठित रहेको पार्टी कमिटीले कारवाही गर्नेछ ।

८. प्रदेश संसदीय दलको सदस्यले पार्टी अनुशासनको उलङ्घन वा पार्टी निर्णयको अवज्ञा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा संसदीय कामसँग सम्बन्धित बिषयमा प्रदेश कमिटीले र पार्टी कामसँग सम्बन्धित बिषयमा निज सङ्गठित रहेको पार्टी कमिटीले कारवाही गर्नेछ ।

९. स्थानीय तहमा कार्यरत जनप्रतिनिधिले पार्टी अनुशासनको उलंघन वा पार्टी निर्णयको अवज्ञा वा पार्टीको हित र प्रष्तिठामा आँच पुऱ्याउने काम गरेमा सम्बन्धित तहको पार्टी कमिटीले कारवाही गर्नेछ । त्यस्तो कारवाही एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि कार्यान्वियन हुनेछ ।

१०. पार्टीका विरुद्ध शत्रुतापूर्ण गतिविधि गरेको वा धारा ११ (क) बमोजिम स्वतः पार्टी सदस्यता समाप्त हुने अवस्थामा बाहेक कुनै पनि सदस्य वा कमिटीउपर अन्तिम कारबाही गर्नु अघि स्पष्टीकरणको मौका दिइनेछ ।

११. आफूमाथि भएको कारवाही चित्त नबुझे माथिल्लो कमिटीमा र केन्द्रीय कमिटीको निर्णय चित्त नबुझे केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सकिनेछ । केन्द्रीय अनुशासन आयोगको निर्णय चित्त नबुझेमा राष्ट्रिय महाधिवेशनसमक्ष पुनरावेदन गर्न सकिनेछ ।

## अध्याय चौध

## विशेष महाधिवेशन र बैठकहरू

### धारा- ७३. विशेष महाधिवेशन

(क) ठोस कार्यसूचि र उचित कारण दर्शाई बहुमत जिल्ला कमिटीहरूले लिखित रूपमा माग गरेको खण्डमा मागपत्र दर्ता गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) धारा ७३ (क) बमोजिम महाधिवेशन आयोजना नगरिएमा महाधिवेशनको माग गर्ने कमिटी वा सदस्यहरूले महाधिवेशन आयोजक कमिटी बनाई विशेष महाधिवेशन आयोजना गर्न सक्नेछन् ।

(ग) विशेष परिस्थिति उत्पन्न भई केन्द्रीय कमिटीले आवश्यक ठानेको अवस्थामा विशेष महाधिवेशनको आयोजना हुन सक्नेछ ।

### धारा- ७४. बैठक

(क) पार्टी कमिटी, सल्लाहकार परिषद्, सचिवालय र विभागका बैठक देहाय बमोजिम हुनेछन् -

१. सामान्यतया राष्ट्रिय परिषदको बैठक १ वर्षमा, केन्द्रीय कमिटीको बैठक ४ महिनामा, पोलिटव्यूरोको बैठक २ महिनामा, स्थायी कमिटीका बैठक प्रत्येक महिना, प्रदेश कमिटीको बैठक ३ महिना, जिल्ला कमिटी र निर्वाचन क्षेत्रीय समन्वय कमिटीको बैठक २ महिना, नगर, गाउँ, वडा र प्रारम्भिक कमिटीको बैठक १ महिनामा नबढाई आयोजना गर्नुपर्नेछ ।

२. सचिवालय र विभागका बैठक आवश्यकतानुसार हुनेछन् ।,

३. सबै तहका सल्लाहकार परिषद्हरूका बैठक आवश्यकतानुसार आयोजना गरिनेछ ।

४. कमिटीका २५ प्रतिसत सदस्यहरूले माग गरेको खण्डमा केन्द्रीय कमिटीको बैठक १ महिनभित्र र अन्य कमिटीको बैठक १५ दिनभित्र बोलाउनु पर्नेछ ।

५. अनुशासन आयोग, लेखा परीक्षण आयोग, निर्वाचन आयोगका बैठक आ-आफ्नो कार्य-सम्पादन नियमावलीमा तोकिए बमोजिम हुनेछन् ।

(ख) तोकिएको समयमा बैठक भए नभएको अनुगमन माथिल्लो कमिटीले गर्नेछ ।

**धारा- ७५. बहुमतको निर्णय पार्टी निर्णय**

(क) राष्ट्रिय महाधिवेशन, अधिवेशन, परिषद् र बैठकहरूमा सबै विषयमाथि छलफल गर्दा जनवादी प्रक्रिया अपनाइने छ। निर्णय प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय नै पार्टी निर्णय हुनेछ।

(ख) निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति सम्वन्धित महाधिवेशन, अधिवेशन वा बैठकसमक्ष लिखित रूपमा प्रस्तुत गर्नुपर्ने छ।

(ग) फरक मत प्रस्तुत गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा र सम्वन्धित कमिटीले आवश्यक ठानेमा निर्णित विषयलाई कार्यान्वयन गर्ने गरी विधि र प्रक्रिया खुलाई छलफलको अनुमति दिन सकिनेछ।

## अध्याय पन्ध्र

## पार्टी कोष र सम्पत्तिको व्यवस्था

**धारा- ७६. पार्टी कोष,**

(क) पार्टीको एउटा केन्द्रीय कोष हुनेछ। त्यसमा देहाय बमोजिमको रकम रहनेछ :

१. तोकिएको सदस्यता शुल्क तथा लेवीबाट प्राप्त रकम,

२. चन्दा सहयोगबाट प्राप्त रकम,

३. प्रकाशन बिक्री-वितरणबाट प्राप्त रकम,

४. पार्टीको चल-अचल सम्पत्तिको विक्री वितरण तथा परिचालनबाट प्राप्त रकम,

५. विशेष कार्यक्रम वा अभियानवाट संकलित रकम,

६. पार्टीको लगानीमा सञ्चालित परियोजनाबाट प्राप्त रकम।

७. पार्टीको कोषमा रहेको रकम वापत बैंकबाट ब्याजवापत प्राप्त रकम।

९. पार्टीलाई नेपाली नागरिक वा संगठित संस्थाले स्वेच्छाले गरेको आर्थिक सहयोगबाट प्राप्त रकम।

१०. पार्टीलाई नेपाली नागरिक वा संगठित संस्थाले स्वेच्छाले चल-अचल सम्पत्ति दान वा सहयोग गर्न सक्ने छ।

११. पार्टीको कोषमा रहेको रकम बैंक खाता खोली जम्मा गरिने छ।

१२. पार्टीको नाममा हुने सबै खर्च पार्टीको कोषबाट बेहोरिने छ।

१३. पार्टीको बैंक खातामा रहेको रकमको परिचालनको अधिकार सम्बन्धित तहको कमिटीले निर्णय गरेका पदाधिकारी वा कमिटीका सदस्य वा कमिटीले तोकेका व्यक्तिहरुको हस्ताक्षरबाट सञ्चालित हुने छ।

(ख) सवै स्थानीय पार्टी कमिटीहरूले आफ्नो मातहतका कमिटी र सदस्यहरूबाट सदस्यता शुल्क एवम् लेवी र समर्थक-शुभचिन्तकहरूबाट सहयोग संकलन गरी आफ्नो तहको कोष निर्माण र सञ्चालन गर्नेछन्,

(ग) पार्टी कोषको व्यवस्थापन र सञ्चालन पार्टीको *आर्थिक विनियम* अनुसार हुनेछ।

**धारा- ७७. कार्यकर्ता संरक्षण कोष**

(क). पार्टी कार्यकर्ता संरक्षणको लागि एउटा कोष हुनेछ।

(ख) यसको सञ्चालन एक छुट्टै *विनियम* अनुसार गरिनेछ।

(ग) केन्द्रीय कमिटीको अनुमति लिएर यस्तो कोष प्रदेश र जिल्ला कमिटी तहसम्म पनि स्थापना गर्न सकिनेछ ।

**धारा- ७८. पार्टीको अचल र जिन्सी सम्पत्ति**

(क) पार्टीको नाममा भएका अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा पार्टी केन्द्रीय कमिटीको पूर्ण स्वामित्व रहने छ । त्यसको लगत तोकिए बमोजिम राखिनेछ ।

(ख) केन्द्रीय कमिटीको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही रहने छैन ।

(ग) पार्टी सम्पत्तिको परिचालन पार्टीको आर्थिक विनियम बमोजिम हुनेछ ।

**धारा- ७९. पारिश्रमिक र खर्च व्यवस्था**

(क) परिभाषित जिम्मेवारीसहित पूर्ण समय पार्टी काममा लगाउने व्यक्तिलाई सम्बन्धित पार्टी कमिटीले पारिश्रमिकको वा खर्चको व्यवस्था गर्न सक्ने छ ।

(ख) पार्टीका कुनै विशेष काममा पार्टी नेता वा कार्यकर्तालाई खटाउँदा हुने खर्चको व्यवस्था पार्टीले गर्नेछ ।

**धारा- ८०. लेखा र लेखा परीक्षण**

(क) पार्टीको सबै तहमा आय-व्ययको लेखा केन्द्रीय लेखा परीक्षण आयोगले तोके बमोजिम राखिनेछ ।

(ख) सबै कमिटीहरूले पार्टीको आर्थिक विनियम अनुसार आफ्नो आय व्ययको लेखा राख्नेछन् ।

(ग) प्रत्येक पार्टी कमिटीले हरेक आर्थिक वर्षभित्र लेखा परीक्षण गराई माथिल्लो कमिटीमा पेश गर्नुपर्नेछ र आफ्नो तहको अधिवेशनमा सिङ्गो अवधिको लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

(घ) लेखा र लेखा परीक्षणसम्बन्धी अन्य कार्य तोकिए बमोजिम हुनेछ ।

## अध्याय सोह्र

## विधान संशोधन

**धारा- ८१. विधान संशोधन प्रस्ताव**

(क) केन्द्रीय कमिटीले विधान संशोधन सम्बन्धी लिखित प्रस्ताव राष्ट्रिय परिषद्मा प्रस्तुत गर्नेछ ।

(ख) धारा ८१ (क) बमोजिमको प्रस्तावमाथि राष्ट्रिय परिषद्मा छलफल हुनुभन्दा कम्तिमा १५ दिन अगाडि प्रदेश र स्थानीय कमिटीमा पाठाइने छ ।

(ग) विधानमा संशोधन पेश गर्न चाहने कमिटी र सदस्यले आफ्नो लिखित प्रस्ताव तोकिए बमोजिम प्रस्तुत गर्नु पर्नेछ ।

(घ) राष्ट्रिय परिषद्ले केन्द्रीय कमिटीद्वारा प्रस्तुत प्रस्ताव र प्रदेश तथा स्थानीय कमिटीबाट आएका प्रस्तावउपर समेत छलफल गरेर महाधिवेशनबाट अनुमोदन गर्ने गरी पारित गर्नेछ ।

(ङ) महाधिवेशनले राष्ट्रिय परिषद्बाट पारित भई आएको विधान संशोधन प्रस्तावको अध्ययन गरी आवश्यक देखेमा परिमार्जनसहित पारित गर्ने छ ।

## अध्याय सत्र

## विविध

**धारा- ८२. कार्यालय सञ्चालन**

(क) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने छ । यसको सञ्चालन केन्द्रीय कमिटीले गर्नेछ,

(ख) प्रदेश तथा स्थानीय कमिटीहरूले आ-आफ्नो तहका कार्यालय सञ्चालन गर्नेछन् ।

**धारा- ८३. सम्पत्ति विवरण**

१. पार्टीको केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य तथा पार्टीका केन्द्रीय आयोग र केन्द्रीय निकायका पदाधिकारी तथा सदस्यले आफू निर्वाचित वा मनोनित भएको साठी दिनभित्र तोकिएको ढाँचामा आफ्नो चल-अचल सम्पत्तिको विवरण सिलबन्दी गरी पार्टीको केन्द्रीय कार्यालयमा बुझाउनु पर्ने छ ।

२. पार्टीको केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य तथा पार्टीका केन्द्रीय आयोग र केन्द्रीय निकायका पदाधिकारी तथा सदस्यले आफू सो पदमा रहुञ्जेल आर्थिक वर्ष पूरा भएको साठी दिनभित्र तोकिएको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको अद्यावधिक विवरण पार्टीको केन्द्रीय कार्यालयमा बुझाउनु पर्ने छ ।

३. दफा १ र २ बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले त्यसको अभिलेख राखी सम्पत्ति विवरण पेश गर्ने र नगर्ने पदाधिकारी र सदस्यको नाम त्यसरी सम्पत्ति विगरण पेश गर्नु पर्ने अवधि नाघेको एक महिनाभित्र प्रकाशन गरिने छ ।

४. सम्पत्ति विवरण सम्बन्धी  अन्य व्यवस्था पार्टीले तोके बमोजिम हुने छ ।

**धारा- ८४. दुई तिहाई बहुमत चाहिने**

(क) नेपालको संविधानले व्यवस्था गरेको संसदको दुई तिहाई बहुमतबाट अनुमोदित हुनुपर्ने विषयमा निर्णय लिंदा पार्टी केन्द्रीय कमिटीको दुईतिहाई बहुमत आवश्यक हुनेछ ।

**धारा- ८५. प्रतिष्ठान**

(क) दुई प्रकारका पार्टी सम्वद्ध प्रतिष्ठानहरू रहने छन् :

१. स्मृति प्रतिष्ठान

२. अध्ययन–अनुसन्धान प्रतिष्ठान

(ख) दिवङ्गत पार्टी नेताहरूका नाममा स्थापित स्मृति प्रतिष्ठानहरूले पार्टीको मूल नीति र विधान विपरित नहुने गरी वैचारिक एवम् सामाजिक काम गर्नेछन् ।

(ग) अध्ययन–अनुसन्धान प्रतिष्ठानले समाज विज्ञानका विभिन्न विधाहरूमा अध्ययन–अनुसन्धान गरेर विविध सामग्रीहरू तयार पारी पार्टी नीतिलाई समृद्ध पार्न सहयोग गर्नेछ ।

(घ) प्रतिष्ठानहरूको ढाँचा, पार्टी हैशियत, सञ्चालन विधि तथा अधिकार र कर्तव्य *प्रतिष्ठान सञ्चालन निर्देशिका*मा तोकिए बमोजिम हुनेछ ।

**धारा- ८६. नियम बनाउने अधिकार**

(क) केन्द्रीय कमिटीले विधानसँग नबाँझिने गरी नियमावली, विनियम, निर्देशिका र आचारसंहितासमेत निर्माण गरी लागू गर्न  सक्नेछ ।

**धारा-८७.आचार संहिता**

(क) पार्टीले नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, सो ऐन अनुसार बनेको नियम र पार्टीको विधानको अधिनमा रही पार्टीका केन्द्रीय पदाधिकारी एवं सदस्य, पार्टीका विभिन्न कमिटीका पदाधिकारी तथा सदस्य र पार्टीका संगठित र साधारण सदस्यले पालन गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने छ ।

(ख) पार्टीले बनाएको आचार संहिताबारे निर्वाचन आयोगलाई जानकारी गराउने छ ।

(ग) पार्टीले बनाएको आचारसंहिता सबै तहका पदाधिकारी तथा सदस्य, पार्टीका संगठित तथा साधारण सदस्यले पालन गर्नु पर्ने छ ।

**धारा-८८. पुनरावेदन सम्बन्धी व्यवस्था**

(क) पार्टीको केन्द्रीय कमिटीभन्दा तलको कुनै पनि कमिटीको पदाधिकारी र सदस्य तथा संगठित सदस्यसमेतले सम्बन्धित कमिटीले आफूउपर गरेको कुनै पनि कार्वाही चित्त नबुझेमा आफूलाई कार्वाही गर्ने कमिटीभन्दा माथिको कमिटीमा पुनरावेदन दिन सक्ने छन् ।

(ख) पार्टीको केन्द्रीय कमिटीको पदाधिकारी वा सदस्यले आफू उपर भएको कारवाही चित्त नबुझेमा केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन दिन सक्ने छन् ।

(ग) त्यसरी गरिएको पुनरावेदनमा पनि सम्बन्धित व्यक्तिको चित्त नबुझेमा पार्टीको राष्ट्रिय प्रतिनिधि परिषद्मा समेत पुनरावेदन दिन सक्ने छन् ।

(घ) हरेक पार्टी सदस्यले आफूलाई चित्त नबुझेको फैसलाउपर अन्तिम पुनरावेदन पार्टीको राष्ट्रिय महाधिवेशनमा गर्न सक्ने छन् ।

(ङ) पार्टीभित्रका हरेक विवाद, अनुशासनको कार्वाही इत्यादिको अन्तिम फैसला गर्ने अधिकार राष्ट्रिय महाधिवेशनमा रहने छ ।

**धारा- ८९. पार्टी निर्णयको प्रमाणीकरण सम्बन्धी व्यवस्था**

(क) पार्टीका निर्णयको प्रमाणीकरण सम्बन्धित कमिटीको अध्यक्ष वा सम्बन्धित तहको पार्टी कमिटीको बैठकले निर्णय गरेको कमिटीको पदाधिकारी वा सदस्यद्वारा हुने छ ।

**धारा-९०. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था**

(क) पार्टीको कुनै पनि तहको पदाधिकारीले आफूमा रहेको अधिकार प्रत्यायोजित गर्नु परेमा आफूभन्दा एकतह तलको पदाधिकारीलाई निश्चित समयावधि तोकी आफूमा रहेको अधिकार प्रत्यायोजित गर्न सक्ने छन् ।

**धारा-९१.पार्टी विधानको अन्तिम व्याख्या गर्ने अधिकार**

(क) पार्टीको विधानबारे कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम व्याख्या गर्ने अधिकार केन्द्रीय कमिटीमा निहित रहने छ ।

**धारा ९२- बाधा अड्काऊ फुकाउने**

(क) यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्काऊ पर्न आएमा केन्द्रीय कमिटीले उक्त बाधा-अड्काउलाई फुकाउने छ । त्यसको अनुमोदन राष्ट्रिय महाधिवेशनबाट गराउनु पर्नेछ ।

❖

## अनुसूची-१

**झण्डा** (विधानको धारा ३ सँग सम्बन्धित)

पार्टीको झण्डा रातो भूईंमा बायाँ भागको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको चिन्ह अंकित हुनेछ । त्यसको लम्वाई-चौडाई ३:२ अनुपातको रहनेछ ।



## अनुसूचि - २

**छाप** (विधानको धारा ४ सँग सम्बन्धित)

पार्टीको छाप गोलाकारमा पार्टीको नाम लेखिएको र केन्द्र भागमा हसिया हथौडा खप्टिएर रहेको हुनेछ ।

## अनुसूचि - ३

**चुनाव चिन्ह** (विधानको धारा ५ सँग सम्बन्धित)

पार्टीको चुनाव चिन्ह ........ हुनेछ ।

## अनुसूची- ४

**सङ्गठित सदस्यता आवेदनपत्र** (विधानको धारा १० (ख) सँग सम्बन्धित)

मिति : .................

कमरेड अध्यक्ष,
..........................................कमिटी
................................................
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
मार्फत .................................. कमिटी
मैले पार्टी विधानमा उल्लेखित योग्यता र मापदण्ड पूरा गरेकोले पार्टीको सङ्गठित सदस्यता प्रदान गरियोस भनी अनुरोध गर्दछु ।
मेरो व्यक्तिगत विवरण निम्नानुसार छ :
१. नाम ,थर :............................. ............२. जाती/समुदाय..........................
३. स्थायी ठेगाना : ................................ ..४. अस्थायी ठेगाना : .........................
५. आमाको नामः........................................ ६. बाबुको नाम :...........................
७. जन्म मितिः ......................................... ८. वर्गः.................................
९. शिक्षा : ........................... .........१०. पेशा : ..............................
११. सदस्यता प्राप्त मिति : .............
१२. संक्षिप्त राजनीतिक पृष्ठभूमि :
...........................................................................................................................................
...........................................................................................................................................
...........................................................................................................................................
...........................................................................................................................................
................
साधारण सदस्यता पत्रको प्रमाणित प्रतिलिपी यसै साथ संलग्न गरेको छु ।

.................
आवेदको हस्ताक्षर

**सिफारिसः**
म आवेदकलाई राम्ररी चिन्दछु । निजको पार्टी जीवनको अध्ययन गर्दा पार्टीको सङ्गठित सदस्यता प्रदान गर्न उपयुक्त हुने देखिएकाले सिफारिस गर्दछु ।
१. नाम थरः .............. ...........कमिटी र पद : ...........ठेगाना : ............................हस्ताक्षर............
२. नाम थरः .............. ...........कमिटी र पद : ...........ठेगाना : .............................हस्ताक्षर............
शिफारिस गर्ने कमिटी : ..............बैठक मिति : ..............अध्यक्षको नाम : ................ .हस्ताक्षर...........
निर्णय गर्ने कमिटी : ...... ..........बैठक मितिः........ .........अध्यक्षको नाम ........... ...हस्ताक्षर :
अनुमोदन गर्ने कमिटी :...............बैठक मिति : ...............अध्यक्षको नाम .............. .....हस्ताक्षर...........

## अनुसूची- ५

**साधारण सदस्यता पत्र** (विधानका धारा १६ (क) सँग सम्बन्धित)

| | |
|---|---|
| नेपाल कम्युनिष्ट पार्टी *(एकीकृत समाजवादी)* साधारण सदस्यताको आवेदन | नेपाल कम्युनिष्ट पार्टी *(समाजवादी)* |
| कमरेड अध्यक्ष,<br>................................कमिटी ...........<br>मैले पार्टी विधानको धारा ८ (क) को योग्यता पूरा गरेकोले पार्टीको साधारण सदस्यता प्रदान गरियोस भनी अनुरोध गर्दछु ।<br>हस्ताक्षर ..................नामथर........................<br>ठेगान.................................. मिति................ | **साधारण सदस्यता पत्र**<br>नाम थर.............. ठेगाना ...................<br>जन्ममिति...................<br>साधारण सदस्यता प्राप्त मिति ............<br>**प्रदान गर्नेको** : हस्ताक्षर.......... ....... मिति.........................<br>नाम थर.......................... कमिटी र पद............................ |

अनुसूचि नं.६

**सङ्गठित सदस्यता पत्र** (विधानको धारा १६ (ख) सँग सम्बन्धित)

| | | | |
|---|---|---|---|
| नेपाल कम्युनिष्ट पार्टी *(एकीकृत समाजवादी)*<br>सङ्गठित सदस्यता नम्बर .............. | | | फोटा |
| **सङ्गठित सदस्यता पत्र** | | | |
| नाम थर.....................................<br>ठेगाना .....................................<br>जन्ममिति....................................<br>प्राप्त मिति....................... | प्रमाणित गर्नेको हस्ताक्षर..........................<br>नाम.थर.................................................<br>कमिटी र पद......................................<br>मिति................................................ | | |
| | | | |
| नवीकरण मिति | नवीकरण गर्नेको नाम थर | कमिटी र पद | हस्ताक्षर |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची- ७

**मानार्थ सदस्यता पत्र** (विधानका धारा १७ सँग सम्बन्धित)

| | |
|---|---|
| नेपाल कम्युनिष्ट पार्टी *(एकीकृत समाजवादी)* | फोटो |
| **मानार्थ सदस्यता-पत्र** | |
| नाम.थर.....................................प्रमाणित गर्नेको हस्ताक्षर......<br>ठेगाना .....................................नाम.थर.....................<br>जन्ममिति....................................कमिटी ..............<br>सदस्यता प्राप्त मिती ......................पद ........... | |

**अनुसूची-८**

नेपाल कम्युनिष्ट पार्टी *(एकीकृत समाजवादी)* निमयमावलीको नियम- ५ सँग सम्बन्धित)

नेपाल कम्युनिष्ट पार्टी *(एकीकृत समाजवादी)*

फोटो

**परिचय-पत्र**

| प्राप्त गर्ने | प्रमाणित गर्ने |
|---|---|
| नामथर...................................... | नामथर ............................................. |
| ठेगाना ........................................ | कमिटी........................................... |
| जन्ममिति.................................... | पद................................................ |
| आमा-बुबाको नाम......................... | हस्ताक्षर....................................... |
| कमिटी ..................................... | जारी मिती .................................. |
| पद ........................................ | मान्य अवधि ................................. |

**अनुसूची- ९**

**शपथको व्यहोरा** (विधानका धारा ५६ सँग सम्बन्धित)

म ........ ..... ..... नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को ...................... ...... ....... जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा शहीदको रगतद्वारा रञ्जित पार्टी झण्डासामु उभिएर प्रतिज्ञा गर्दछु :

म पार्टीको मार्गदर्शक सिद्धान्त, कार्यक्रम र नीतिलाई  दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीकासाथ पालन गर्नेछु। पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउने छु र सबैखाले प्रतिकृयावादी शक्ति, गलत विचार र गलत व्यवहारका विरुद्ध दृढतापूर्वक जुझिरहने छु।

- नेपाली क्रान्ति - जिन्दावाद !
- मार्क्सवाद-लेनिनवाद - जिन्दावाद !
- आदरणीय अमर-शहीदहरू - लालसलाम !
- नेपाल कम्युनिष्ट पार्टी *(एकीकृत समाजवादी)* - जिन्दावाद ! जिन्दावाद !!

मिति .............

हस्ताक्षर ...............

नाम....................

ठेगाना ..............